# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १० | अंक १९ | काठमाडौं | शुक्रबार, २९ वैशाख २०८० | Prabhab National Daily | Friday, May 12, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


एमाले बैठकमा ओलीको सम्बोधन

## 'दोषी कोही नउम्किउन्, निर्दोष नफसून्'



■ प्रभाव संवाददाता

- पूर्वाग्रहपूर्ण ढंगले कसैलाई फसाउन खोजिएको ओलीको आरोप ।
- नेपालीलाई राज्यविहीन बनाउने र विदेश पठाउने मानिस देशद्रोही भएको टिप्पणी ।

**काठमाडौं–** नेपाली नागरिकलाई नक्कली शरणार्थी बनाएर अमेरिका लैजाने ठगी प्रकरणले मुलुक तातिरहेको बेला प्रमुख प्रतिपक्षी दल नेकपा एमालेको केन्द्रीय कमिटी बैठक सुरु भएको छ। बिहीबारदेखि ललितपुरको च्यासलस्थित एमालेको मुख्यालयमा बैठक सुरु भएको हो ।

यतिबेला नक्कली शरणार्थी प्रकरणमा मुछिएका एमालेसचिव एवं पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी फरार छन् । प्रहरीले पक्राउ पुर्जी जारी गरी खोजी गरिरहेको भए पनि फेला पार्न सकेको छैन । पछिल्लोपटक अर्घखाँचीमा सार्वजनिक कार्यक्रममा देखिएका उनी त्यसपछि सम्पर्कविहीन भएका थिए । यद्यपि, उनले बुधबार आफू बिरामी भएको भन्दै संसद् सचिवालयमा पत्र पठाएका छन् । उनलाई बुधबार नै एमालेले सचिव पदबाट निलम्बन गरेको छ ।

एमाले अध्यक्ष केपी शर्मा ओली आफ्ना सचिव रायमाझी दोषी नभएको भन्दै पक्राउ पर्नबाट जोगाउन लागिरहेकै समय बुधबार पूर्वगृहमन्त्री एवं कांग्रेस नेता बालकृष्ण खाण पक्राउ परेपछि एमालेले हतारहतार विज्ञप्ति निकालेर रायमाझीलाई निलम्बन गरेको जानकारी गराएको थियो ।

बिहीबार सुरु भएको केन्द्रीय कमिटी बैठकमा सम्बोधन गर्दै एमाले अध्यक्ष ओलीले नक्कली भुटानी शरणार्थी प्रकरणमा कोही पनि दोषी उम्किन नहुने बताए। उनले निर्दोषलाई फसाउन र दोषीलाई उम्काउन खोजे आफूले त्यसको विरोध गर्ने बताए । अध्यक्ष ओलीले नक्कली (बाँकी पृष्ठ २ मा)

# 'कर्नर'मा गृहका कमाण्डरहरू

■ प्रभाव संवाददाता

- महत्त्वपूर्ण सूचना संकलनदेखि कारबाहीको प्रक्रिया चलाउने नेपाल प्रहरी र देशभरका जिल्ला प्रशासन चलाउने प्रमुख जिल्ला अधिकारीको गृहबाटै चल्छ कमाण्ड ।
- पछिल्लो चरणमा गृहमन्त्री भएकाहरु विभिन्न काण्डमा मुछिँदै कमजोर बन्न थालेका छन् ।
- गृहको कमाण्ड सम्हालेका कतिपयले भने राजनीतिबाटै हात धुनुपरेको छ ।



**काठमाडौं–** गृह मन्त्रालय, जुनसुकै पार्टीको सरकार आए पनि पहिलो रोजाइमा पर्ने मन्त्रालय हो । पछिल्लो सरकार निर्माणका क्रममा पनि गृह मन्त्रालय लिन दलहरूबीच घम्साघम्सी परेको थियो । शीर्ष दलका नेताहरू यो मन्त्रालयको नेतृत्वका लागि नतम्सिने को होला र ? दुई ठूला दलको कमान सम्हालिरहेका नेताहरू पनि गृहकै नेतृत्व गरेर चर्चा कमाएका नेताहरू हुन् ।

महत्त्वपूर्ण सूचना संकलनदेखि कारबाहीको प्रक्रिया चलाउने नेपाल प्रहरीदेखि देशभरको जिल्ला प्रशासन चलाउने प्रमुख जिल्ला अधिकारीको कमाण्ड गृहबाटै चल्छ । त्यसैले यो मन्त्रालयमा आएर शक्ति आर्जन गर्ने चाहना धेरै नेताहरूले राख्छन् ।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली कुनै बेलाका शक्तिशाली गृहमन्त्री बनेका थिए । अहिले राष्ट्रपति बनेका रामचन्द्र पौडेल कुनैबेला गृहमन्त्री बनेका थिए । तीन नेता शक्तिशाली पदमा पुगे पनि पछिल्लो चरणमा बनेका गृहमन्त्रीहरू भने विभिन्न काण्डमा मुछिँदै कमजोर बन्न थालेका छन् । गृहको कमाण्ड सम्हालेका कतिपयले भने राजनीतिबाटै हात धुनुपरेको छ ।

### बालकृष्ण हिरासतमा

पूर्वगृहमन्त्रीसमेत रहेका कांग्रेस नेता अहिले प्रहरी हिरासतमा पुगेका छन् । नेपालीलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने प्रकरणमा करोडौं ठगीको आरोपमा खाण बुधबार पक्राउ परेका हुन् ।

कांग्रेस सभापति देउवाका विश्वासपत्रका रूपमा हेरिने खाण कांग्रेसको १४औं महाधिवेशनमा महामन्त्री बन्ने चाहना राख्थे । यद्यपि, कृष्णप्रसाद सिटौला गुटलाई व्यवस्थापन गर्नुपर्दा खाणले महामन्त्रीको उम्मेदवार बन्न पाएनन्। खाण महाविधेशनमा केन्द्रीय सदस्यमै चित्त बुझाएर बसे । गत ४ मंसिरको निर्वाचनमा गृहमन्त्री रहेकै बेला खाण पराजित भए । सत्ताको शक्ति र गठबन्धनको बल हुँदा पनि उनले चुनाव जित्न सकेनन् । त्यसयता कमजोर बनेका खाण अहिले प्रहरीको हिरासत पुगेका हुन् ।

### महिनादिनमै गुम्यो रवि लामिछानेको पद

राजनीतिमा लागेको छोटो समयमै उदायका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले गठबन्धनको सरकारमा सहभागी हुँदा गृहजस्तो शक्तिशाली मन्त्रालय सम्हाल्न पाए । चुनाव जितेर आएपछि पहिलोपटकमै गृहको बागडोर सम्हाल्न पाएपछि लामिछानेको वाहवाही झन् चुलियो । तर 'कन्फ्लिक्ट अफ इन्ट्रेस्ट'ले लामिछानेलाई लखेटिरह्यो ।

नागरिकता र राहदानी दुरूपयोगको आरोपमा उनीमाथि विभिन्न मुद्दा लागेको थियो । सोही मुद्दाबाट उम्कन गृह रोजेको आरोप खेप्दै गृह पुगेका उनले एक महिनामात्र गृहको कमाण्ड सम्हाल्न पाए । त्यसपछि नागरिकता पुनःप्राप्तिको प्रक्रिया पूरा नगरेको भन्दै सर्वोच्च अदालतले उनको सांसद पद खारेज गरिदियो । योसँगै उनको मन्त्री पद पनि गयो । नागरिकता प्राप्तिपछि लामिछाने शक्तिशाली मन्त्रालयमा जान पुन तम्सिएका थिए । तर, सत्ता गठबन्धनले उनको मनसायलाई वास्ता गरिदिएन । त्यसो त लामिछाने उपनिर्वाचनबाट पुनः संसद् छिरिसकेका छन् । तर, गठबन्धनले उनी आउनुअघि नै नारायणकाजी श्रेष्ठलाई गृहको तालाचाबी दिइसकेको थियो । जसकारण रास्वपा अहिले सरकारबाट बाहिरिएको छ ।

### खुमबहादुर र वामदेवको "पावर"

कांग्रेस नेता खुमबहादुर खड्का कुनैबेला शक्तिशाली गृहमन्त्री थिए । दुईपटकसम्म गृहमन्त्री बन्दा खड्काले प्रहरीमा आफ्नो नातेदार र कार्यकर्ताको भर्ती केन्द्र नै बनाएको आरोप छ । यसरी चर्चामा छाएका खड्का एकाएक कांग्रेसमा शक्तिशाली बने । कहिले गिरिजाप्रसाद कोइराला गुटमा त कहिले शेरबहादुर देउवा गुटमा खेलेर शक्तिशाली बनेका खुमबहादुर पार्टीमा शक्तिशाली बन्दै गएका थिए ।

२०५९ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले बक्राहा नदी नियन्त्रण आयोजना लगायतमा भ्रष्टाचारको (बाँकी पृष्ठ २ मा)

सन्दर्भ : वैदेशिक रोजगार

# मलेसियामा आप्रवासी श्रमिक महिनौंदेखि अलपत्र

■ प्रभाव संवाददाता



**काठमाडौं–** रोजगारीका लागि मलेसिया पुगेका सयौं दक्षिण एसियाली आप्रवासी कामदारहरू काम नपाएर महिनौंदेखि अलपत्र परेका समाचार बाहिर आएको छ । रोजगार एजेन्टहरूले हजारौं डलर रोजगार भर्ना शुल्क लिए पनि प्रतिबद्धताअनुरूप काम लगाउन नसकेपछि ती कामदारहरू अलपत्र परेको अन्तर्राष्ट्रिय समाचार संस्था रोयटर्सले उल्लेख गरेको छ ।

लामो समयदेखि कामविना अलपत्र परेका आप्रवासीहरू रोजगारी पाउने आशमा राजधानी क्वालालम्पुरबाट ४० किलोमिटर टाढा रहेको विद्यार्थीहरूको एक छात्रावासमा भिडभाडयुक्त कोठामा वा खुला क्याफ्टेरियामा दिन बिताउने गरेको रोयटर्सले जनाएको छ । सन् २०२२ डिसेम्बरमा मलेसिया पुगेका लगभग ५०० आप्रवासीहरूमध्ये धेरैजसो नेपाल र बंगलादेशका युवाहरू रहेको बताइएको छ। 'तीन महिनाको वर्किङ भिसामा मलेसिया पुगेका उनीहरूको भिसा अवधि थप गर्ने बताइए पनि अझै उनीहरूको भिसा थप भएको छैन,' रोयटर्सको रिपोर्टमा भनिएको छ, 'अस्पष्ट कानुनका कारण आप्रवासीहरू आफू बसेको ठाउँ छोड्न डराएका छन् ।' कतिपयले भर्ती एजेन्टहरूले राहदानी आफैंसँग राखेर जागिर दिने वाचा गरिरहेको बताइएको छ ।

'हामी सबै निराश र असहाय छौं । हामीले पहिले नै कामका लागि ठूलो रकम तिरेका छौं । यदि जागिर पाइएन भने मैले लिएको ऋण कसरी फिर्ता गर्ने ?,' छात्रावासमा भेटिएका एक नेपालीको भनाइ उद्धृत गर्दै कुरा रोयटर्सले लेखेको छ ।

भर्ती एजेन्टहरूको डरले आफ्नो परिचय दिन नमानेका एक २३ वर्षीया नेपालीले मलेसियाली सफाइ कम्पनीसँग दुई वर्षको रोजगार सम्झौतामा हस्ताक्षर गरे पनि काम गर्न नपाएको बताएकी छन् । त्यहाँ पुगेका अरुले जस्तै आफूले पनि ऋण लिएर भर्ती एजेन्टलाई तीन लाख नेपाली रूपैयाँ बुझाएको उनले बताइन् । उनलाई प्रतिमहिना दुई हजार ६२ मलेसिय रिंगेट मासिक तलब दिने वाचा गरिएको थियो । छात्रवासमा भेटिएका सबै कामदारहरूको समान कथा भएको रोयटर्सले उल्लेख गरेको छ । मलेसियामा पुगेका आप्रवासीहरूलाई भर्ती एजेन्सीहरूले तुरुन्तै रोजगारी उपलब्ध नभएको बताउँदै काम नपाएसम्म बस्ने सुविधा उपलब्ध गराएपनि आफ्नै खर्चमा खाना खानुपर्ने बाध्यता छ । रोजगारी सम्झौताअनुसार नै अस्थायी कामदार भिसालाई स्थायी हुने बताइए पनि काम नै नगरी कसरी भिसा समाप्त भयो भन्नेमा स्पष्ट नभएको बताइएको छ । यस विषयमा मलेसिया सरकारले गत महिना अनुसन्धान थालेको थियो ।

> सन् २०२२ डिसेम्बरमा मलेसिया पुगेका लगभग ५०० आप्रवासीहरुमध्ये धेरैजसो नेपाल र बंगलादेशका युवाहरु रहेको बताइएको छ ।

अलपत्र परेका आप्रवासीहरूलाई रोजगारी उपलब्ध नगराउनुको कारण माग गरे पनि भर्ती एजेन्टका रूपमा रहेका पन्याक जुपिटर म्यानेजमेन्ट सर्भिसेज, स्टार डोमेन रिसोर्सेस र एमियल इन्टरनेसनलले कुनै प्रतिक्रिया नदिएको जनाउँदै रोयटर्सले मलेसियाको मानव संसाधन मन्त्रालय र श्रम विभागबाट पनि तत्कालै कुनै प्रतिक्रिया नआएको बताएको छ । तर, मन्त्रालयले बंगलादेश र नेपालका २२६ जना अलपत्र कामदारको छुट्टै एक समूहका लागि रोजगारी खोज्ने वाचा गरेको बताइएको छ ।

आप्रवासी कामदारहरूलाई मलेसियाको उत्पादन तथा निर्यातमा अर्थतन्त्रको मेरुदण्ड मानिएको छ । देशको एक करोड ५० लाख जनशक्तिको लगभग १५ प्रतिशत आप्रवासीले ओगटेको छ । मलेसियाली कम्पनीहरूले हालैका वर्षहरूमा जबरजस्ती श्रम प्रयोगको आरोपमा अमेरिकी प्रतिबन्धको सामना गर्नुपरेको छ । यस्तै मलेसियाले यस वर्ष आफ्नो वृक्षरोपण, निर्माण र निर्माणजन्य उद्योगहरूमा १२ लाख श्रमिकको अभाव भएपछि भर्ती प्रक्रियालाई सहज बनाउँदा आप्रवासी कामदारहरू बढी जोखिममा परेको अधिकारकर्मीहरूले बताएका छन् ।

'यो अहिले ठूलो समस्या हो,' आप्रवासी अधिकार समूह नर्थ साउथ इनिसिएटिभका कार्यकारी निर्देशक एड्रियन परेराले भनेका छन्। उनको टोलीले मलेसियाभरि करिब एक हजार २०० अन्य कामदारहरू यस्तै दुर्दशामा परेको रिपोर्ट प्राप्त गरेको बताए । क्वालालम्पुरस्थित बंगलादेशी दूतावासले गत महिना मलेसियाले आफ्ना नागरिकहरूलाई रोजगारीमा हुने ठगीबाट जोगाउन थप पारदर्शिताका लागि आह्वान गरेको बताइएको छ। एक बंगलादेशी अधिकारीले आफ्नो नाम उल्लेख नगर्ने शर्तमा आफ्नो देशका 'केही सय' नागरिक रोजगारी नपाएर कामविना मलेसियामा फसेको बताए । यस्तै नेपाली दूतावासले पनि काम नपाएर फसेको थुप्रै गुनासो आएको बताएको रोयटर्सले उल्लेख गरेको छ ।

## वैदेशिक रोजगार मेला आयोजना गर्ने तयारी

**काठमाडौं–** वैदेशिक रोजगार बोर्डको सचिवालयले वैदेशिक रोजगारीमा जानेका लागि नयाँ श्रम गन्तव्यको खोजी गर्ने विषयमा छलफल सुरु गरेको छ । बोर्ड सचिवालय र नेपाल वैदेशिक रोजगार व्यवसायी संघबीच बिहीबार भएको छलफलले खाडी र मलेसियामा केन्द्रित श्रमबजारलाई युरोपलगायत मुलुकमा विस्तार गर्नका लागि वैदेशिक रोजगार मेला आयोजना गर्नु उपयुक्त हुने निष्कर्ष निकालेको छ ।

बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले अन्तर्राष्ट्रिय श्रमबजारको अध्ययन गर्ने गराउने र नयाँ अन्तर्राष्ट्रिय श्रमबजारको खोजी गर्ने गराउने वैदेशिक रोजगार ऐनमा भएको व्यवस्थाबमोजिम नयाँ श्रम गन्तव्य मुलुकको खोजी गर्न लागिएको जानकारी दिए ।

प्रत्येक वर्ष झण्डै पाँच लाखको हाराहारीमा नेपाली श्रम शक्ति वैदेशिक रोजगारीमा जाने गरेको वर्तमान अवस्थामा युरोप, क्यानडालगायत मुलुकमा रोजगारीको दायरा विस्तार गर्न आवश्यक रहेको उनको भनाइ छ ।

बोर्डकी निर्देशक सीता दुवाडीले नेपाली श्रमिकका लागि श्रमको नयाँ क्षेत्र र मुलुकको खोजी भइरहेको जानकारी दिइन् । नयाँ क्षेत्र पहिचानका लागि युरोपेली मुलुकमा रहेका दूतावास, गैरआवासीय नेपाली र सरोकारवाला पक्षसँग छलफल गरिने उनले बताइन् ।

वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले परम्परागतरूपमा खाडी मुलुकमा जाने ८० प्रतिशत श्रम शक्तिलाई नयाँ गन्तव्य मुलुकमा 'सिफ्ट' गर्न आवश्यक रहेको बताए । उनले पूर्वी युरोपलगायत मुलुकमा ठूलो संख्यामा जान सुरु गरेका नेपाली श्रमिकलाई संस्थागत रूपले पठाउने सवालमा द्विपक्षीय सम्बन्ध विस्तारमा सरकारले जोड दिनुपर्ने धारणा राखे । *रासस*






**पुनर्निर्माणपछि इन्द्रसभा** | काठमाडौं महानगरपालिकाले पुनर्निर्माण गरेको इन्द्रसभा । काठमाडौं महानगरपालिका–१९ मा पर्ने यो सभास्थल इन्द्रजात्रा पर्वसँग सम्बन्धित धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवं सामाजिक महत्त्वको ठाउँ हो । *तस्बिरः कामपा*

# खानेपानीको स्रोतमै पाइँदैन पानी !

■ **पूर्णप्रसाद मिश्र**



**काठमाडौं–** मेलम्चीको पानी काठमाडौं ल्याएर प्रशोधन गरिनेस्थल सुन्दरीजल क्षेत्रमै खानेपानीको समस्या हुन थालेको छ । सुन्दरीजल क्षेत्र खानेपानीको राजधानी बने पनि यस क्षेत्रकै धारामा पानी आउन छोडेपछि स्थानीयवासी चिन्तित बनेका हुन् । राजधानीमा मेलम्चीको पानी आइपुग्ने सुन्दरीजल क्षेत्रमै खानेपानी अभाव भएपछि स्थानीयवासी पानी खोज्न टाढाटाढा जान बाध्य भएका छन् ।

सिन्धुपाल्चोक जिल्लाको हेलम्बु गाउँपालिका वडा नं. १ बाट २७.५ किमी सुरुङको दूरी पार गरी आउने मेलम्चीको पानी गोकर्णेश्वर नगरपालिका वडा नं. १ महाँकालमा प्रशोधन हुन्छ । दैनिक मेलम्ची खोलाबाट आउने १७ करोड ५० लाख लिटर पानी प्रशोधन गरेर राजधानी पठाउने यस क्षेत्र वरपरका स्थानीयवासी भने सुक्खा यो मौसममा काकाकूल बन्न थालेका हुन् ।

सुन्दरीजलबाट बागमती नदीको करिब नौ करोड लिटर पानी राजधानीका विभिन्न स्थानमा वितरणका लागि लगिन्छ । वर्षात्का समयमा भने यहाँको बागमतीबाट करिब १३ करोड लिटर पानी राजधानीमा लगिन्छ ।

यस क्षेत्रका गोकर्णेश्वर र कागेश्वरी मनोहरा दुई नगरपालिकाका अधिकांशले मेलम्चीको परै जाओस् पहिलेदेखि राजधानीमा वितरण गरिने बागमती नदीको पानी पनि पाउन सकेका छैनन् । खानेपानीको समस्या भएपछि यहाँका स्थानीयवासी परम्परागत ढुंगेधारा र कुवामा निर्भर हुनुपर्ने बाध्यता छ । कागेश्वरी मनोहरा नगरपालिका वडा नं. २ आलापोटका स्थानीयवासी श्याम धिमाल खानेपानी खोज्दैमा दिन जाने गरेको गुनासो गर्छन् ।

स्थानीयवासी पानी खोज्न जाने धारामा धेरै मानिस खानेपानीका लागि लाममा बस्ने गरेकाले घण्टौं कुर्नुपर्ने बाध्यता रहेको उनको अनुभव छ । यस्तो समस्या भोग्ने धिमालमात्र होइन यहाँका हजारौंको समस्या हो । आधारभूत खानेपानी सेवा विस्तार गर्ने विषयलाई यहाँका नगरपालिकाले प्राथमिकतामा राखे पनि स्थानीय सरकारले एक कार्यकाल पूरा गर्दा पनि समस्या भने समाधान हुन सकेको छैन । संविधानमा पनि खानेपानी र सरसफाइलाई मौलिक हकका रूपमा स्थापित गरिएको छ । तर, कार्यान्वयन भने हुन नसकेको पीडितको गुनासो छ ।

राजधानीमा मेलम्चीको पानी तेस्रोपटक आएको पाँच महिना पूरा भए पनि बागमतीको मुहान क्षेत्र र मेलम्चीको पानी प्रशोधन भएर वितरणका लागि लगिने स्थलका मानिसले पानी नपाएर तड्पिनु परेको गोकर्णेश्वर नगरपालिका वडा नं. १ पाथीभराका मंगलबहादुर तामाङको गुनासो छ । स्थानीय सरकारले विभिन्न खानेपानी आयोजना पूरा गरेको प्रतिवेदन बनाए पनि दिगो हुन नसक्दा संविधानमा मौलिक हकका रूपमा उल्लेख गरिएको स्वच्छ खानेपानीको हकबाट वञ्चित हुनुपरेको उनले सुनाए ।

विगतदेखि नै गोकर्णेश्वर र कागेश्वरी मनोहरा नगरपालिकाका जनप्रतिनिधिले मुहानवासीले नै खानेपानी नपाए मेलम्चीको पानी बागमतीमा बगाउने धम्की दिने गरे पनि खानेपानीको समस्या समाधान हुन सकेको छैन । गोकर्णेश्वरका नगर प्रवक्ता नारायणबहादुर सुवेदी काठमाडौं उपत्यका खानेपानी लिमिटेडले बिच्छ्याउनुपर्ने पाइप नगरपालिकाकै बजेटबाट राखेर पानी माग गर्दा पनि समस्या समाधान नभएर नगरवासीले दुःख पाएको स्वीकार्छन् ।

जनप्रतिनिधि र पीडित स्थानीयवासी लिमिटेडमा गएर कुरा राख्दा १५ दिनमा बागमतीको पानी गोकर्णेश्वर क्षेत्रमा दिने सहमति भए पनि पानी नआएको जानकारी पनि उनले दिए । धेरै नगरवासी वडा कार्यालय र नगरपालिकामा पटक-पटक खानेपानीका लागि धर्नामा बस्ने गरेका छन् । पानी नपाएर स्थानीयवासी धर्नामा बसे पनि धारामा भने पानी आउँदैन ।

जनताकै घर आँगनमै पुगेको स्थानीय सरकारको ध्यान आधारभूत विषयमा भन्दा पनि अन्यत्र जाँदा जनजीविकाको यो महत्त्वपूर्ण समस्या समाधान नभएको हो । नगर क्षेत्रमा खानेपानी समस्या समाधान गर्न नसकेको गोकर्णेश्वर नगरपालिकाले देशव्यापी गजल महोत्सव गरेर समय र स्रोत सकाएको गुनासो पनि स्थानीयवासीले गरेका छन् । संविधानले तोकेको क्षेत्राधिकारभन्दा बाहिर गएर विगत तीन वर्षदेखि देशव्यापीरूपमा साहित्यिक प्रतियोगिता गर्दै आएको नगरपालिका खानेपानी समस्या समाधान गर्न भने नलागेको स्थानीय पासाङ तामाङले बताए ।

काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल)का प्रवक्ता प्रकाश राई मुहान क्षेत्रमा पानीको अभाव रहेको स्वीकार गर्छन् । बागमतीबाट वितरणका लागि ल्याइएको पाइप पुरानो भएकाले चुहावट हुने गरेको र मेलम्चीको पानी सुन्दरीजलबाट ठूलो पाइपमा ल्याएर महाँकालचौरबाट मात्र वितरण हुने गरेकाले त्यस क्षेत्रमा पानीका अभाव भएको उनले जानकारी दिए । त्यस क्षेत्रमा खानेपानी समस्या समाधानका लागि योजना बनिरहेकाले केही समयमा समस्या समाधान हुने केयुकेएलले जनाएको छ । *रासस*

## कर्नरमा...

पृष्ठ १ बाट जारी

मुद्दामा जेल चलान गरेपछि खड्का राजनीतिमा कमजोर बने । अख्तियारले मागेको तीन करोड रूपैयाँ धरौटी २०५९ पुस १९ मा बुझाएर छुटेका उनले राजनीतिमा आक्रामकरूपमा आउने प्रयास गरेका थिए । तर, उनको राजनीति त्यति जम्न सकेन । देश गणतन्त्रमा जाँदा कांग्रेसले धर्मनिरपेक्ष राष्ट्रको पक्षमा मत दिँदा उनी हिन्दू राष्ट्रको पक्षमा अभियान चलाइरहेका थिए । पछि उनको भारतमा उपचारका क्रममा २०७४ चैतमा निधन भयो ।

खुमबहादुरजस्तै चर्चित पात्र हुन्, वामदेव गौतम । एमालेबाट गृहमन्त्री बनेका गौतम पार्टीमा उस्तै शक्तिशाली मानिन्थे । पार्टीमा उपाध्यक्षसम्म बनेका उनी जसरी पनि प्रधानमन्त्री बन्न चाहन्थे । यसका लागि गौतमले अनेक प्रयास गरे । एमाले र माओवादी एकताका सुत्राधारसमेत मानिने गौतमलाई यही एकीकरण अफापसिद्ध बनिदियो । दुई दल तालमेल गरेर चुनाव लड्दा पनि उनले चुनाव जित्न सकेनन् । त्यसपछि कहिले डोल्पा गएर त कहिले काठमाडौंमा निर्वाचन लड्ने कोसिस गरे । एमालेका रवीन्द्र अधिकारीको निधनपछि उपचुनावमा कास्कीबाट उम्मेदवार बन्ने कोसिससमेत गरेका उनलाई राष्ट्रपति विद्यादेवी भण्डारीले राष्ट्रिय सभा सदस्यमा मनोनीत गरी सान्त्वाना दिइन् । यद्यपि, उनी अहिले एमालेको राजनीतिबाट टढिइसकेका छन् ।

### कर्नरमा सिटौला र गच्छदार

नेपाली कांग्रेसमा शक्तिशाली नेतामा पर्थे कृष्णप्रसाद सिटौला र विजयकुमार गच्छदार । गृहको कमाण्ड सम्हालेका कारण पार्टी पंक्तिमा बेग्लै फूर्तिफार्ती हुने नै भयो । पार्टीमा बार्गेनिङ पावर बढाउने पद पनि यही थियो । यही कारण सिटौला 'थर्ड पोल'का रूपमा उदाए । योबीचमा उनले गगन थापा र प्रदीप पौडेललाई हुर्काए । सरकारमा आफ्नो गुटबाट मन्त्री पद दिलाउनदेखि निर्वाचनमा आफ्नो गुटका नेताहरूलाई टिकट दिलाउँथे । तर, अहिले गगन र प्रदीपले गुट छाडेसँगै सिटौला कमजोर बनेका छन् ।

कांग्रेसमा यस्तै कर्नरमा परेका पात्र हुन्, गच्छदार । पार्टीमा देउवाको चर्को विरोध भइरहँदा फोरम लोकतान्त्रिक नै बिलाएर पार्टी उपसभापति बनेका गच्छदार पछिल्लो निर्वाचनपछि खासै सार्वजनिक कार्यक्रममा देखिएका छैनन् । ललितानिवास जग्गा प्रकरणमा मुछिएपछि उनको राजनीतिक यात्रा ओरालो लागेको हो । उक्त प्रकरणमा मुछिएपछि गच्छदार १० लाख धरौटी बुझाएर रिहा भएका थिए । कांग्रेसको १४औं महाधिवेशनमा उपसभापति भिडेका उनी महाधिवेशन प्रतिनिधिबाट अनुमोदन हुन सकेनन् । छ पटक सांसद यात्रा तय गरेका गच्छदार यसपटक गठबन्धनको शक्ति लाग्दा पनि निर्वाचित हुन सकेनन् । त्यसयता उनी थप कमजोर बन्दै गएका छन् ।

### भीम रावलको अवस्था उस्तै

नेकपा एमालेमा प्रस्ट अडान राख्नसक्ने नेताका रूपमा चिनिएका नेता हुन्, भीम रावल । चितवन महाधिवेशनमा केपी शर्मा ओलीसँग अध्यक्ष भिडेका थिए रावल । ओलीका आलोचकका रूपमा चिनिएका रावल पछिल्लोपटक राजनीतिको केन्द्रमा देखिँदैनन् । ओलीको आलोचना गरेकै कारण रावलले यसपटक चुनावमा टिकट पाएनन् । जसले गर्दा रावल अहिले गृहजिल्ला केन्द्रित भएर बस्न थालेका छन् ।

### गृहमा कहिले कसको नेतृत्व ?

| | |
|---|---|
| नारायणकाजी श्रेष्ठ | : २०७९ चैतदेखि |
| पुष्पकमल दाहाल | : २०७९ माघ १४ - २०७९ चैत १७ (रवि लामिछाने पदबाट बर्खास्त भएदेखि नारायणकाजी श्रेष्ठलाई जिम्मेवारी नदिएसम्म) |
| रवि लामिछाने | : २०७९ पुस ११ - २०७९ माघ १३ |
| बालकृष्ण खाण | : २०७८ असार २९ - २०७९ पुस ११ |
| रामबहादुर थापा | : २०७४ फागुन १४ - २०७८ असार २८ |
| जनार्दन शर्मा | : २०७४ असार १२ - २०७४ असोज ३१ |
| विमलेन्द्र निधि | : २०७३ साउन २० - २०७४ जेठ २४ |
| शक्तिबहादुर बस्नेत | : २०७२ असोज १ - २०७३ साउन २० |
| माधवप्रसाद घिमिरे | : २०६९ चैत ४ - २०७० माघ २७ |
| विजयकुमार गच्छदार | : २०६८ भदौ १२ - २०६९ फागुन ३० |
| नारायणकाजी श्रेष्ठ | : २०६८ साउन १६ - २०६८ भदौ ३ |
| कृष्णबहादुर महरा | : २०६८ बैशाख २० - २०६८ साउन १५ |
| भीमबहादुर रावल | : २०६६ असार ३ - २०६७ माघ २२ |
| कृष्णप्रसाद सिटौला | : २०६३ बैशाख १२ - २०६५ भदौ ५ |
| दानबहादुर शाही | : २०६१ बैशाख २० - २०६२ मंसिर ३ |
| धर्मबहादुर थापा | : २०५९ असोज २५ - २०६० जेठ १ |
| रामचन्द्र पौडेल | : २०५६ चैत ८ - २०५८ साउन १० |
| पूर्णबहादुर खड्का | : २०५६ असार १६ - २०५६ चैत ७ |
| गोविन्दराज जोशी | : २०५५ बैशाख ८ - २०५६ असार १५ |
| खुमबहादुर खड्का | : २०५४ मंसिर १८ - २०५५ बैशाख ७ |
| बुद्धिमान तामाङ | : २०५४ असोज २७ - २०५४ मंसिर १७ |
| वामदेव गौतम् | : २०५३ फागुन २९ - २०५४ असोज २६ |
| खुमबबहादुर खड्का | : २०५२ असोज ५ - २०५३ फागुन २८ |
| केपी शर्मा ओली | : २०५१ मंसिर १४ - २०५२ असोज ५ |
| शेरबहादुर देउवा | : २०४८ जेठ १५ - २०५१ मंसिर १३ |
| योगप्रसाद उपाध्याय | : २०४६ चैत २४ - २०४८ जेठ १४ |

### अरू को-को कमजोर ?

कांग्रेसबाट गृहमन्त्री बनेका पूर्णबहादुर खड्का अहिले कांग्रेस उपसभापति छन् । सरकारमा कांग्रेसको नेतृत्व गर्दै सहभागी भएका उनी उपप्रधानसहित रक्षामन्त्री छन् । उनले अर्थमन्त्री लिने उत्कट इच्छा राखे पनि उनको चाहना पूरा हुन सकेन । नेकपा हुँदा गृहमन्त्री बनेका रामबहादुर थापा माओवादीका शक्तिशाली नेता थिए । नेकपा विभाजनपछि एमालेमा लागेका उनी पार्टीमा उपाध्यक्षसम्म भए । तर, उनको उपस्थिति कहीँकतै देखिँदैन । पछिल्लो नक्कली शरणार्थी प्रकरणमा उनको नामसमेत मुछिएको छ । थापाका छोरा प्रतीकको नामसमेत यो प्रकरणमा जोडिएको छ ।

यता माओवादीबाट गृहको कमाण्ड सम्हालिसकेका जनार्दन शर्मा र कृष्णबहादुर महराको शक्ति पनि कमजोर हुँदै गएको छ । गृहमन्त्री हुँदा शक्ति आर्जेका शर्मा अर्थमन्त्री हुँदा सिसिटिभी फुटेज प्रकरणमा मुछिए । त्यहीबेला माओवादीको महाधिवेशनबाट महासचिव बन्न चाहेका उनलाई पार्टीले स्पेस दिएन । उनले चाहेको पद देव गुरुङले पाए । गृहको कमाण्ड सम्हालिसकेका महरा संसद् सचिवालयकी एक महिलालाई यौन दुर्व्यवहार गरेको आरोपमा जेल पुगे । अदालतबाट सफाइ पाएपछि जेलबाट बाहिरिएका उनले पार्टीमा प्रभाव जमाउन सकेका छैनन् । उनलाई अहिले प्रवक्ताको जिम्मेवारी दिइएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७८/०८/२१ मा दर्ता भएको **प्रा.लि. नं. २७९०२६** को **एस. के. एस. इन्भेष्टमेन्टक प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०१/२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १६२६ बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# एक महिने मूर्तिकला तालिम सम्पन्न




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिले सञ्चालन गरेको एक महिने मूर्ति निर्माण तालिम सम्पन्न भएको छ । विभिन्न जिल्लाबाट सहभागीहरू एक महिनाको तालिमपछि मूर्ति बनाउनसक्ने भएका छन् ।

देशभर रहेका विभिन्न प्राचीन एवं गुम्बाहरूमा जीर्ण भएका मूर्तिहरूलाई पुनःस्थापना गर्न तालिमको आयोजना गरिएको कार्यक्रम संयोजक लक्ष्मी रुम्बाले बताएकी छन् । 'समितिले यस्तो तालिम नियमित सञ्चालन गर्दै आएको छ,' उनले भनिन्, 'गाउँगाउँमा जीर्ण र भत्किएका मूर्तिहरू मर्मतसंहारका लागि जनशक्ति उत्पादन गर्न यो कार्यक्रमको आयोजना गरिएको हो ।' एक महिनासम्म सञ्चालित तालिममा सहभागीले मूर्ति निर्माणको आधारभूत ज्ञान लिएर जाने उनले बताइन् ।

तालिमका प्रशिक्षक भिम श्रेष्ठले प्रशिक्षार्थीहरू नयाँ भए पनि राम्ररी सिकेको बताए । ताप्लेजुङबाट तालिममा सहभागी हुन आएका निमादोर्जी शेर्पाले प्रशिक्षण फलदायी भएको बताए । 'यस्तो प्रशिक्षण पहिले कहिल्यै लिएको थिएन । तालिममा हामीले माटो र फर्मबाट मूर्ति बनाउन सिक्यौं । अब त फाइबरबाट पनि बनाउन सकिन्छ,' उनले भने ।

रामेछापको मन्थलीबाट आएका ग्याल्चन लामाले गाउँमा जीर्ण मूर्ति आफैं मर्मत गर्न सक्ने भएको सुनाए । उनले तालिममा सिकेको सीप आफ्नो गाउँमा गएर अरुलाई पनि सिकाउने बताए । 'एक महिने तालिम पर्याप्त त भएन तर यसले थोरै भए पनि मर्मतसंहारको काम गर्नसक्ने बनाएको छ,' उनले भने ।

## दोषी...

पृष्ठ १ बाट जारी

भुटानी शरणार्थी प्रकरणमा पूर्वाग्रहपूर्ण ढंगले कसैलाई फसाउन खोजिएको बताए । उनले प्रधानमन्त्री पुष्पकमल दाहालसँगको भेटमा नक्कली भुटानी शरणार्थी प्रकरणमा दोषी नउम्कियोस् र निर्दोषलाई नफसुन् भनेर आग्रह गरेकोसमेत बताए ।

उनले अनुसन्धानलाई सहयोग गर्नका लागि पार्टीका सचिव रायमाझीलाई निलम्बन गरेको बताए । अध्यक्ष ओलीले नेपालीलाई राज्यविहीन बनाउने र विदेश पठाउने मानिस देशद्रोही भएको भन्दै यसप्रकरणमा यसअघि समातिएका व्यक्तिलाई किन छाडियो भनेर प्रश्न गरे ।

उनले सरकारले भुटानी शरणार्थी वर्गीकरण नगरेर अयन्त्रबाट आएको, भुटानबाट अपराध गरेर आएका भनेर चारबुँदे सहमति गरेपछि शरणार्थीलाई भुटान फर्काउन समस्या भएको बताए । उनले नेपाली भाषी भुटानी योजनाबद्ध ढंगले लखेटिएको र उनीहरूलाई भुटान फिर्ता पठाउन सम्भव नभएपछि गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री भएको समयमा आफूले भुटानी शरणार्थीको समस्या तेस्रो मुलुक पठाएर समाधान गर्न सुझाव दिएको बताए । साथै आफू परराष्ट्रमन्त्री भएको समयमा तत्कालीन अमेरिकी राष्ट्रपति जर्ज डब्लु बुससँग शरणार्थी समस्या समाधान गर्न पनि आग्रह गरेको बताए ।

### विभिन्न प्रतिवेदन पेस

नेकपा एमालेको जारी केन्द्रीय कमिटीको पहिलो दिनको बैठक बिहीबार सम्पन्न भएको छ । एमाले प्रचार विभाग प्रमुख पृथ्वी सुब्बा गुरुङले पहिलो दिन चार निकाय र नौ प्रदेश कमिटी (दुई गैरभौगोलिक)ले 'मिसन ग्रासरुट' अभियानको समीक्षा प्रतिवेदन पेस गरेको जानकारी दिए । बैठकमा पार्टी अध्यक्ष केपी शर्मा ओलीले राजनीतिक प्रतिवेदन पेस गरेका छन् ।

केन्द्रीय सल्लाहकार परिषद्का अध्यक्ष अमृतकुमार बोहरा, केन्द्रीय अनुशासन आयोगका अध्यक्ष केशव बडाल, लेखा आयोगका अध्यक्ष डा पुष्प कँडेल र निर्वाचन आयोगका अध्यक्ष डा. विजय सुब्बाले प्रतिवेदन पेस गरे । यस्तै, अभियानको समीक्षा प्रतिवेदन अभियानमा खटिएका नेताहरूले पेस गरे । कोशी प्रदेशको राजेन्द्र गौतम, मधेस प्रदेश सचिव रघुवीर महासेठ, बागमती प्रदेशको सचिव गोकर्ण विष्ट, गण्डकी प्रदेश सचिव पद्मा अर्याल, लुम्बनी प्रदेश सचिव छविलाल विश्वकर्मा, कर्णाली प्रदेश सचिव योगेश भट्टराई र सुदूरपश्चिम प्रदेशको सचिव लेखराज भट्टले अभियानको समीक्षा प्रतिवेदन पेस गरे ।

यस्तै, उपत्यका विशेष प्रदेशको समीक्षा प्रतिवेदन पोलिटब्युरो सदस्य सुजिता शाक्य र सम्पर्क समन्वय समितिको प्रतिवेदन स्थायी कमिटी सदस्य लालबाबु पण्डितले प्रस्तुत गरे । बिहीबार पेस गरिएका प्रतिवेदनमाथि आज (शुक्रबार) बिहान ८ देखि १२ बजेसम्म आठ समूहमा छलफल हुने जानबारी दिइएको छ । सोही आठ समूहले निकालेको निष्कर्षलाई आधार मानेर प्रदेश कमिटी अध्यक्षले वार्षिक कार्ययोजना प्रस्तुत गर्ने नेता गुरुङले जानकारी दिए ।

मिसन ग्रासरुट अभियानले पार्टीले उठाउने काम तथा नेता र जनताबीचको सम्बन्धलाई पुनःजागरण गर्ने काम गरेको उपमहासचिवसमेत रहेका नेता गुरुङले जानकारी दिए । 'अभियानले जुनरूपमा हाम्रो आचारण, व्यवहार शुद्ध हुनुपर्दथ्यो त्यो नभएको पाइयो,' उनले भने, 'पार्टीभित्र शुद्धीकरण अभियान पनि सञ्चालन गर्नुपर्दछ । वार्षिक योजनामा समावेश गर्ने छौं ।'

# ‘नक्कली शरणार्थी प्रकरण राज्यविरुद्धकै अपराध’



■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने भनेर गरिएको ठगी राज्यविरुद्धको अपराध भएको बताएका छन् । बिहीबार आफूसँग भेट गर्न आएका नेकपा एकीकृत समाजवादीका नेता तथा जनवर्गीय संगठनका प्रतिनिधिसँगको छलफलमा उनले यस्तो प्रकारको ठगी सामान्य भ्रष्टाचारमात्रै नभएर संगठित अपराध भएको उल्लेख गरे ।

‘यो भ्रष्टाचारमात्रै होइन, माथिदेखि तलसम्म मिलेर चलाइएको संगठित अपराध हो । यो यतिमामात्रै सीमित नभएर आफ्नो देशका नागरिकलाई अनागरिक बनाउने राज्यविरुद्धकै अपराध हो,’ उनले भने ।

उपप्रधानमन्त्री श्रेष्ठले यस प्रकरणका सबै ‘नेक्सस’लाई कारबाहीको दायरामा ल्याइने बताएका छन् । उनले दोषीलाई कुनै पनि हालतमा नछाड्ने र निर्दोष कुनै पनि हालतमा नफस्नेगरी सरकार अगाडि बढेको बताए । ‘निर्दोष कुनै पनि हालतमा पर्ने छैनन्, दोषी छुट्ने छैनन्,’ उनले भने ।

सो प्रकरणमा आफूलाई कुनै पनि नेताले दबाब नदिएको उल्लेख उल्लेख गर्दै उनले दबाब आए त्यसलाई थेगेरै भए पनि अनुसन्धान प्रक्रियालाई निष्कर्षमा पुऱ्याइने दृढता व्यक्त गरे । शरणार्थी प्रकरणमा प्रधानमन्त्री पुष्पकमल दाहालबाट आफूले दह्रो साथ र आडभरोसा पाएको उनको भनाइ छ ।

‘मलाई अहिलेसम्म शीर्ष नेताले यसलाई नपक्रनूस्, उसलाई नपक्रनूस् भनेर दबाब दिनुभएको छैन । निर्दोष नफसोस् र दोषी नउम्कियोस् भन्ने नै उहाँहरूको कुरा छ,’ उपप्रधानमन्त्री श्रेष्ठले भने, ‘प्रधानमन्त्रीको निर्देशन र आडभरोसा छ । दोषीलाई कारबाही गरियोस् निर्दोष नपरुन् भन्ने छ सबैको कुरा ।’

उनले प्रहरीलाई निर्धक्क भएर अनुसन्धान अगाडि बढाउन निर्देशन दिएको जानकारी दिए । ‘राजनीतिक दबाबको सामना गर्ने म छु, तपाईंहरू पनि अन्य चलखेलमा नलागी अनुसन्धान गर्नुहोला भनेर प्रहरीलाई भनेको छु,’ उनले भने ।

भेटमा एकीकृत समाजवादीका नेताले शरणार्थी प्रकरणमा सरकारले प्रशंसानीय काम गरेको भन्दै बधाई दिएका थिए । यो अनुसन्धान प्रक्रियामा आफूहरूको पनि समर्थन रहने भन्दै उनीहरूले कुनै पनि दबाबको अगाडि नझुक्न उपप्रधानमन्त्री श्रेष्ठलाई सुझाव दिए ।

## नख्खु कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी

**ललितपुर–** ललितपुरको नख्खु कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी रहेका छन् । एक हजार २०० क्षमताको कारागार भए पनि हाल पुर्पक्षका लागि थुनामा राखिएको र जेल चलान भएका गरी एक हजार ५०७ जना छन् ।

क्षमताभन्दा बढी भएता पनि हाललाई अन्य कारागारको जस्तो नख्खु कारागारमा व्यवस्थापनको समस्या नरहेको कारागार प्रशासक कल्पना घिमिरेले जानकारी दिइन् । उनका अनुसार आगामी दिनमा हालको संख्याभन्दा बढी कैदीबन्दी थपिएमा व्यवस्थापनमा समस्या हुन सक्नेछ । हाल नख्खु कारागारमा ६९५ पुर्पक्षका लागि थुनामा राखिएकामा ४५ विदेशी नागरिक छन् ।

त्यसैगरी, ८१२ कैदीबन्दीमध्येमा ५७ विदेशी नागरिक छन् । कैदीबन्दी रिहाइ हुने र अदालतको फैसलाअनुसार चलान हुने भएकाले यो संख्या प्रत्येक दिन फेरबदल हुने कारागार कार्यालयका अधिकृत मुरारी कार्कीले जानकारी दिए । हाल कारागारमा तीन ब्लक छन् । पुर्पक्षका लागि थुनामा राखिएका र अदालतको फैसलापछि जेल चलान भएकालाई छुट्टाछुट्टै ब्लकमा राखिएको छ ।

कारागार प्रशासक घिमिरेका अनुसार, सिआर र डिआर ब्लक राणाकालीन संरचना भएकाले ती दुई ब्लकलाई केही मर्मत गरेर यथावत् राखिएको छ भने नयाँ ब्लक पूर्णरूपमा नयाँ तरिकाले निर्माण गरिएको छ । कारागारमा ३२ प्रकारका घटनामा आधारित कैदीबन्दीमध्येमा सबैभन्दा बढी जबर्जस्ती करणी र लागुऔषधसँग सम्बन्धित कैदीबन्दी रहेको कार्यालय प्रशासक घिमिरेले जानकारी दिइन् ।

उनले भनिन्, ‘कैदीबन्दीका लागि विभिन्न सीपमूलक तालिमको व्यवस्था छ । कारागारमा पढ्नका लागि करिब सात हजारभन्दा बढी पुस्तकसहितको पुस्तकालय छ । पढ्न चाहानेले कारागारबाट नै स्नातकोत्तर गर्नेसमेत व्यवस्था रहेको छ ।’

कारागारभित्र खेलकुदलगायत अन्य विभिन्न सेवासुविधा सरकारले उपलब्ध गराउँदै आएको र कैदीबन्दी बिरामी परेमा उपचारको व्यवस्था रहेको प्रशासक घिमिरेले बताइन् । *रासस*


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/०८/२१ मा दर्ता भएको **प्रा.लि. नं. २७९०२६** को **एस. के. एस. इन्भेष्टमेन्टक प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०१/२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १६२६ बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७३/०७/०३ मा दर्ता भएको **प्रा.लि. नं. १५७३६३** को **कान्ति एग्रीकल्चर रिसर्च एण्ड डेभलपमेन्ट सेन्टर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०१/२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनी गाभ्ने/गाभिने सूचना**

प्रस्तुत कम्पनीहरुको मिति २०७९/१०/११ को संयुक्त बैठकको निर्णय बमोजिम कुञ्जन सर्जिकल ट्रेड लिंक प्रा.लि. (प्रा.लि. नं. १४९१००) लाई पुरी सर्जिकल ईक्युपमेन्ट सप्लायर्स प्रा.लि. (प्रा.लि. नं. ८६६५६) मा गाभ्ने निर्णय गरेको र गाभिने कम्पनीको सम्पूर्ण सम्पत्ति ऋण, धन दायित्व गाभ्ने कम्पनीले व्यहोर्ने सकार्ने गरी त्यस कम्पनीमा गाभ्न र गाभिए पछि पुरी सर्जिकल ईक्युपमेन्ट सप्लायर्स प्रा.लि. (प्रा.लि. नं. ८६६५६) बाट कारोबार गर्न कम्पनी ऐन, २०६३ को दफा १७७ बमोजिम मिति २०७९/१२/१४ को निर्णयानुसार स्वीकृति प्रदान गरिएको व्यहोरा जानकारी गराइन्छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**प्रथमपटक प्रकाशित मिति : २०८०/०१/२९**

यस कम्पनीको मिति २०७९/०८/२८ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविक कम्पनी **के.वी इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा.ली.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **श्री सगरमाथा इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा.लि.** (परिवर्तित नाम)कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/०८/२८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **श्री सगरमाथा इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा.लि.(प्रा.लि.नं.८१४/०६५/०६६)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**शिक्षक आवश्यकता**

श्री ज्वालामाई आधारभूत विद्यालयमा रिक्त रहेको आधारभूत तह प्रा.वि. तृतीय श्रेणी राहत दरवन्दीमा करार अस्थायी नियुक्ति गर्नु पर्ने भएकाले यो सुचना प्रकाशित गरिएको छ । तपशिलको योग्यता पुगेका उम्मेदवारबाट रितपूर्वकको दरखास्त दिन सक्ने छन् ।

**दरखास्तका शर्त, सिमा र आवश्यकता**

१. विज्ञापन नं. ०१/ २०८०
२. पदः- आधारभूत तह (प्रा.वि.) राहत दरबन्दी,
३. सेवा :- राहत, करार,
४. पद संख्याः- १
५. तलव भत्ताः- नेपाल सरकारको प्रचलित नियमअनुसार
६. उमेर :- १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको

**आवश्यक कागजातहरू**

(क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी २/२ प्रति
(ख) शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी २/२ प्रति
(ग) आधारभूत तह अध्ययन अनुमति पत्रको प्रतिलिपी २/२ प्रती
(घ) निरोगिताको प्रमाण-पत्र सक्कल र प्रतिलिपी १/१ प्रति

७. परीक्षाको किसिम :- लिखित, मौखिक आवश्यक परेमा कक्षा अवलोकन,
८. परीक्षा दस्तुरः- रु २०००/- (फिर्ता नहुने गरी)
९. दरखास्त दिने अन्तिम मितिः २०८०/२/१
१०. परीक्षाको पाठ्यक्रम : शि.से. आ.ले तोकेको पाठ्यक्रम वमोजिम
११. सम्पर्क स्थान :- श्री ज्वालामाई आधारभूत विद्यालय
१२. परीक्षा हुने स्थान :- सोलु दूधकुण्ड न.पा. शिक्षा शाखा
१३. परीक्षा मिति : सम्पर्क मितिको दिन तोकिने छ ।
१४. सम्पर्क मिति :- २०८०/२/२ (कार्यालय समय भित्र)

**पुनश्चः दलित महिला र जनजातिलाई विशेष प्राथमिकता दिइने छ ।**

**श्री ज्वालामाई आधारभूत विद्यालय**
**सोलुदुधकुण्ड न.पा.– ३ तामाखानी, सोलुखुम्बु**

**बहराईनमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **BLUE WHALE PROPERTIES CO. WLL**

पूर्व स्वीकृति मिति २०८०/०१/०७ | पून स्वीकृति मिति २०८०/०१/२८ | LT. No. 284960 | चलानी नं. ६०२००५७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | House Keeping | 7 | 0 | 150 | ५२,२५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ ५ गते (19th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GULF MANAGEMENT INTERNATIONAL PVT.LTD**
श्रम ईजाजत नं. ७८८/०६५/०६६
P.O.Box :- 10440, Tokha-9, Gongabu, Kathmandu, Nepal,
Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851231432, 9849205504
E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com

**Zero Cost Recruitment in Malaysia**
**मलेसियामा शुन्य लागतको रोजगार**

यो मागपत्र शुन्य निति अन्तर्गत छ । म्यानपावरमा लाग्ने सेवा शुल्क सहित सबै खर्चहरु (राहदानी रु ५००० (नँया राहदानी मात्र), मेडिकल रु ८६६४, भिषा शुल्क रु. ७०६४, यातायात खर्च रु. ७५० (अर्न्तवार्ताको समयमा दुई तर्फि र प्रस्थान अघि एक तर्फि), खाना र बस्न खर्च दिनको रु. ४५० (अर्न्तवार्ताको समयमा २ दिन र प्रस्थान अघि ४ दिन), अभिमुखिकरन रु. ७००, बिमा रु. ३७०८, कल्याणकारी कोष रु. १५००, फोटो २००, हवाई टिकट, (रोजगारदाताले बहन गर्दछ । This Recruitment Is Conducted Under A Zero-Cost Policy. All This Expenses (Passport 5000 (New Passport Only) Medical 8664, Visa 7064, Transport 750 (During The Interview Two Way And Before Departure One Way) Lodging And Food 450 Per Day (During The Interview 2 Days & Before Departure 4 Days), Orientation 700, Insurance 3708, Wale Fare Fund 1500, Air Ticket,) Including Agency Service Charge Will Be Borne By The Employer.

(NAME OF EMPLOYER): **PELABUHAN TANJUNG PELEPAS SDN BHD**
रोजगारदाता कम्पनी : पेलाबुहान तान्जुङ पेलेपास एस.डीएन. बीएचडी

| पूर्व स्वीकृति मितिः २०७९/०६/२० (Pre Approval Date: 2022-10-06 | पुन स्वीकृति मिति : २०८०/०१/२८ Ree Approval Date : 2023-05-11 | चलानी नं.: ६०१८८६६६ (Reference No. 60188666 | LOT No. 272628 | शहरः GELANG PATAH |
|---|---|---|---|---|

| सि.नं. | Post for Migrating Worker कामदारको पद | Total No. of Demand (male) माग संख्या पुरुष | Total No. of Demand (Female) माग संख्या महिला | Minimum Requirement न्युनतम योग्यता | Monthly Basic Salary मासिक तलब RM | Monthly Basic Salary मासिक तलब ने.रू | Overtime Facility ओभरटाइम सुविधा | Working\ Hour per Day प्रतिदिन काम गर्ने घण्टा | Working Days per Week हप्तामा काम गर्ने दिन | Yearly Leaves वार्षिक विदा | Food Facility खाना सुविधा | Accommodation Facitlity बस्ने सुविधा | Contract Period करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | CARGO WORKER DRIVER कार्गो वर्कर ड्राइभर | 250 २५० | 0 ० | Proficient in reading, speaking writing understanding in English with +2 pass अंग्रेजीमा राम्रोसँग पढ्न, बोल्न, लेख्न र बुझ्न सक्ने तथा +२ पास गरेको हुनु पर्ने | 1500 १५०० | 44,435 ४४,४३५ | As per Malasian Labour Law मलेशियन श्रम कानुन अनुसार | 8 Hrs ८ घण्टा | 6 Days ६ दिन | As per Company rules क.नि अनुसार | No छैन | Yes छ | 2 Years २ वर्ष |

| Domestic Medical borne by whom and how much does it cost स्वदेशमा गर्ने मेडिकको शुल्क कस्ले व्यहोर्ने र कतिलाग्ने | Abroad Medical cost borne by विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | Domestic Foreign terminal insurance borne by whom & how much does it cost स्वदेशमा गर्ने म्यादि जीवन विमा कस्ले व्यहोर्ने र कतिलाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the premium cost रोजगारमा विमा हुने नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air fare will borne by whom and how much does it cost कामदारलाई हवाई टिकट कस्ले दिने र कतिलाग्ने | Visa fee will borne by भिषा शुल्क कस्ले व्यहोर्ने | Visa Stamping cost will be borne by भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | Orientaion cost will borne by and how much अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | Management of Welfare fund कल्याणकारी कोष सम्वन्धि व्यवस्था | Rate of service Charge and who will borne सेवाशुल्क कतिलाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताल व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने |

नोट : ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. को माहारजगंज काठमाण्डौ बाहेक कुनै पनि शाखा कार्यालय वा भर्ति शाखा नभएको जानकारी गराउछौं । यदि कसैले आफु ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. मध्यस्तकर्ता भएको दाबी गरेमा त्यो पुर्णत झुठो भएको सुचित गराउछौं । यस प्रा.लि. बाट वैदेशिक राजगारीमा जाने कामदारहरूले कुनै पनि शुल्क तिर्नु पर्ने छैन तथा तपाईले पाउने तलब बाट कुनै पनि शुल्क कटौती गरिने छैन ।
**Note** : Trust Nepal Overseas Pvt Ltd. doesn't have any branches or recruiting branches, We would like to inform you that if anyone claimsto be a mediatorfor Trust Nepal Overseas that's completely false information. Any worker going for foreign employment through this agency are not required to pay any recruitment fees this means all the recruitment process will be free of cost and also ther will be no deduction from te salary.

**Interview Date /Venue : अन्तर्वाताको मिति र स्थान**
अन्तर्वता ट्रष्ट नेपाल ओभरसिजप्रा.लि.को माहारजगँज काठमाण्डौ अफिस कार्यालयमा २०८०/०२/०५ गते हुनेछ ।
Interview will be held at Trust Nepal Overseas Pvt Ltd Maharajgunj Kathmandu Office Premises Dated 19 May, 2023

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्र सँग सम्बन्धित जानकारी मुलुक सामाग्रीहरू जस्तै पर्चा ब्यानर फलेक्स आदि पुर्ण रूपमा अध्यन गरी जानकार हुन अनुरोध गर्दछौ ।
We request you to fully study and understand jpt related informative materials such as flyers, banners, flex placed at our office premises.
अन्तर्वातामा सहभागी हुनु हुने उमेदवारहरूले आफ्नो खोपको क्युआर कोड प्रमाणपत्र अनिवार्य रूपमा ल्याउन अनुरोध गर्दछौं।
Interview attending candidates must bring their QR Vaccination Certificate at the time of interview.

अन्तर्वता कोभिड १९ को रोकथाम प्रकृया र सामाजिक दुरी कायम गरि आयोजना गरिनेछ ।
The interview shall be conducted by atheringto social distancing guidelines and COVID 19 Protocols.

अन्तर्वातामा सहभागी हुनु हुने उम्मेदबारहरूले अनिवार्य मास्कको प्रयोग गर्नु हुन अनुरोध गर्दछौ । Interview attending Candidates are strictly required to wear a mask during the interview. अवैध व्यक्ति वा भर्तिकर्ताहरु देखि सावधान रहनुहोस । Be aware of the illegal person or recruiter.

ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. को नाम लिई कुनै व्यक्ति वा सँस्थाले कुनैपनि प्रकारको शंकासपद अवैद क्रियाकलापबाट अनुपयुक्त भर्ति शुल्कको माग गरेमा यस प्रा.लि. को हेल्पलाईन नम्बर ९८०२०२१३६१ वा ईमेल ठेगानमा info@trustnepal.com मा सम्पर्क गरि जानकारी दिनुहुन हार्दिक अनुरोध गर्दछौ । तपाई ढुक्क हुनुहोस हामी तपाइको गोपिनियताको उच्च सम्मान गर्दै यसलाई सुरक्षित राख्ने प्रतिवद्दता व्यक्त गर्दछौं ।
If any individual or organization tries to demand any recruitment fees by any illegal and suspicious activites with workers by citing Trust Nepal Overseas's name. we request you to contact and report the issues to our helpline number 9802021361 or email us at info@trustnepal.com. Your confidentiality is highly respected and your indentity will be duely protected.

**बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी (Information provided by the Department of Foreign employment) :-** १. आफ्नो नाममा भिसा प्राप्त भएको सुनिश्चित गर्नुहोस । 1. Confirm that Visa is issued under your name. २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । 2. You need to note down the contact details & location of Diplomatic mission of the Country you are going for employment. It will be easy to contact when you get in trouble. ३. यस विज्ञापन (सूचना) माउल्लेख भएको सेवा, सुविधा, तलबको बारेमा स्पष्ट हुनुहोस । 3. You have to be clear about the services, facilities and salary mentioned in this advertisement. ४. विदेशजानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपने छ । 4. Before going to the abroad you must compulsorily take orientation and induction trainings. ५. विदेश जानु अघि आफु जाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्यशर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रतिआफुसग राख्नुहोला । 5. Before going to the abroad you must go through agreement paper in details regarding, country, company, Facilities and service and terms and condition of company and sign. You should keep its one copy. ६. काममा विदेशजादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । 6. While going abroad you must use International Airport of our country, or else might be deceived. ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला । 7. If you want know more about this advertisement do contact Department of Foreign Employment, Budhanagar.

Trust Nepal Overseas (P.) Ltd.
दर्ता नं.: २५९/०५८/०५९,Govt Lic.No. 259/058/059
We are an eithical and responsible recruitment agency.
हामी एक नैतिक र जिम्मेवार रोजगारी संस्था हो ।

**ट्रष्ट नेपाल ओभरसिज प्रा.लि.**
**Trust Nepal Overseas Pvt. Ltd.**
चप्पल कारखानाचोक, महाराजगन्ज, काठमाडौं, नेपाल, Chappalkarkhana, Maharajgunj, Kathmandu, Nepal
फोनः ४३७७१९०/४३७७१९६ फ्याक्स ९७७ १ ४३७९५८८,
Ph. No. 4377190/4377196, Fax No. 977 1 4379588, Email: info@trustnepal.com Hotline No. 9802021361

**कुवेतमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **CAPRI INTERNATIONAL RESTAURANT & CAFE CO. SPC**

पूर्व स्वीकृति मिति : २०७९/03/09 | पून स्वीकृति मिति २०८०/01/२८ | LT. No. 265461 | चलानी नं.६०१८१७२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | COFFEE MAKER | 1 | 1 | 140 | ५९९७३ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Restaurant Worker | 2 | 0 | 140 | ५९९७३ | | | | | | | |
| 3 | WAITER / WAITRESS | 3 | 3 | 140 | ५९९७३ | | | | | | | |

कम्पनी : **NADIAH SULTAN HEALTH INSTITUTE COMPANY FOR LADIES**

पूर्व स्वीकृति मिति : २०८०/१/१९ | पून स्वीकृति मिति २०८०/०१/२८ | LT. No. 285443 | चलानी नं.६०१८३९९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BEAUTICIANS | 0 | 10 | 150 | ६४२५७ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | MASSAGE THERAPIST | 0 | 10 | 150 | ६४२५७ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ ५ गते (19th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL
Govt. License No. 1352/074/075
**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
**पूर्वाधार विकास कार्यालय, मोरङ**
कोशी प्रदेश, विराटनगर

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशित मिति २०८०/०१/२९)**

यस कार्यालयबाट मिति २०७९/१२/१६ गतेको राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार मिति २०८०/०१/१७ गते दिउँसो १२ बजेसम्म www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका तथा सोही दिन दिउँसो १ बजे खोलिएका बोलपत्रहरूमध्ये तपसिल बमोजिमका बोलपत्रदाताहरूको बोलपत्र न्यूनतम मूल्याङकित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| सि.नं. | विवरण | छनोट गरिएको बोलपत्र दाता | कबोल अंक (मू.अ.कर समेत) |
|---|---|---|---|
| 1. | IDO/MOR/NCB/RW-26/079-80 Construction and Dismantle of 11 and 0.4 KV line for shifting of existing HT/composite line under the project of broadening road section from Ramlaxman Marga, Biratnagar 18 to Jahada Boarder Road & Darbesa Dhanpal 5 Futani Chowk Gadhighatta Road | Sohan Construction, Itahari, Sunsari | 30106733.30 |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### स्रोत पहिचानमा ध्यान देऊ

**सरकार आगामी आर्थिक वर्षको बजेट तयारीमा जुटेको छ । आइतबार संघीय संसद्मा विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता प्रस्तुत गरिसकेको छ । अर्थमन्त्री डा. प्रकाशशरण महतले प्रतिनिधिसभा र राष्ट्रिय सभाका छुट्टाछुट्टै बैठकमा बजेटका सिद्धान्त तथा प्राथमिकता प्रस्तुत गरेका थिए । त्यसमाथि संसद्मा छलफल चलिरहेको छ । सांसदहरूले आ–आफ्नो सुझाव प्रस्तुत गरिरहेका छन् । अधिकांशको सुझाव मुलुकको अर्थतन्त्रलाई सही ट्र्याकमा ल्याउने बजेटको माग छ । वितरणमुखी बजेट नियन्त्रण गर्नुपर्ने उनीहरूको सुझाव छ ।**

**अर्थमन्त्री महतले संसद्मा जवाफ दिँदै अर्थतन्त्रका सूचकहरू सकारात्मक बन्दै गएको र वर्तमान संकटबाट पार लगाउँदै अर्थतन्त्रलाई सुधारको बाटोमा लैजानेगरी आगामी बजेट ल्याइने बताएका छन् । आगामी आर्थिक वर्षको बजेट दिगो, फराकिलो एवं समावेशी आर्थिक वृद्धि हासिल गर्ने, रोजगारीका अवसर बढाउने, सुशासन प्रवर्द्धनमा केन्द्रित हुने उनको भनाइ छ । सेवा प्रवाहमा सुधार तथा स्रोत साधनको प्रभावकारी परिचालनलाई प्राथमिकतामा राख्नेतर्फ लक्षित हुने उनले बताएका छन् । सरकारी, निजी र सहकारी क्षेत्रको लगानीको प्रभावकारिता वृद्धि गरी उत्पादनमुखी अर्थतन्त्रको आधार निर्माण गर्नेतर्फ बजेट केन्द्रित हुने अर्थमन्त्री महतको भनाइ छ ।**

**सामाजिक क्षेत्रको विकास र सामाजिक न्यायलाई पनि बजेटको सिद्धान्तमा राखिएको छ । संविधानले प्रत्याभूत गरेको गुणस्तरीय शिक्षा, स्वास्थ्य र खानेपानी सुविधालाई सहज रूपमा उपलब्ध गराउने नीति सरकारले लिएको छ । संघीयताको सबलीकरणको विषय पनि आगामी आर्थिक वर्षको बजेटको निर्देशक सिद्धान्तका रूपमा राखिएको छ । निजी क्षेत्रलाई आर्थिक वृद्धिको संवाहकका रूपमा विकास गरी मनोबल बढाउनतर्फ बजेट केन्द्रित हुने जनाइएको छ ।**

**बजेटको सिद्धान्त र प्राथमिकतामा संकटमा रहेको अर्थतन्त्रलाई सुधार गर्ने बताइए पनि कतिपय प्राथमिकताहरू त्यसको विपरीत देखिएको भन्दै सांसदहरूले आलोचना गरेका छन् । प्रत्येक वर्ष सरकारले महत्त्वाकांक्षी तथा आकर्षक कार्यक्रम ल्याउने तर कार्यान्वयन नहुने प्रवृत्ति छ । योपटक त्यसलाई दोहोरिन नदिन अर्थमन्त्री सचेत हुनुपर्छ । यसपटक बजेट निर्माणमा स्रोतको पहिचान मुख्य चुनौतीको रूपमा रहेको छ । चालु आवमा सरकारले राजस्व लक्ष्यअनुसार संकलन गर्न नसक्दा स्रोत व्यवस्थापनमा सकस बेहोर्नुपरिरहेको छ । वैदेशिक सहायताको रकम पनि खुम्चिँदै गएको अवस्था छ । रेमिटयान्स र पर्यटनमा आएको सुधारले केही हदसम्म सहज बनाइरहेको छ । अन्य क्षेत्रमा अपेक्षित सुधार आउन सकेको छैन । वित्तीय क्षेत्र, उत्पादन क्षेत्र तथा विकास निर्माणको क्षेत्रमा देखिएको संकटलाई मध्यनजर राख्दै आगामी बजेटको तयारी गर्न आवश्यक छ । त्यसैले लोकप्रियताका लागि महत्त्वाकांक्षी कार्यक्रमभन्दा तत्कालको समस्यालाई सम्बोधन गर्दै अर्थतन्त्रको सुधारमा सरकारको नीति तथा कार्यक्रम र बजेट केन्द्रित हुनुपर्छ ।**

## मनन्योग्य

### चाणक्य नीति

ईश्वर त अत्यन्तै दयालु छन्, उनैले त हजुरलाई मसम्म पठाए । चाणक्य अर्थात् विष्णुगुप्तका यस्ता कुरा सुनेर पण्डितजी केही हाँसे अनि भने- 'कुनै चिन्ता छैन, तिमी मसँग हिंड, म गाउँको एक पाठशालाको अध्यापक हुँ अनि म पनि एक्लै छु । ती पण्डितजी आफ्नो गाउँमा पुगे । दुई तीन दिनको सेवापछि विष्णुगुप्त स्वस्थ पनि भए । एक दिन विष्णुगुप्तले पण्डितजीसँग भने- 'हजुरले म अनाथलाई पितातुल्य स्नेह दिनुभयो, म हजुरको ऋणबाट कसरी मोक्ष पाउँला ! मेरा पिताजी धेरै पढाउने इच्छा गर्नुहुन्थ्यो । के हजुर मलाई शिक्षा दिनुहुन्छ !' 'किन हुँदैन बाबु ! शिक्षा दिनु नै हाम्रो धर्म हो । म जति योग्य छु, तिमीलाई पनि अवश्य योग्य बनाउछु', पण्डितजीले भने ।

विष्णुगुप्त पण्डित राधामोहनको पाठशालामा विद्या पढ्न थाले । उनको लगनशीलता, बुद्धि, चातुर्य केही दिनपछि अगाडि आउन लाग्यो । कुनै विद्यार्थीलाई धेरै घोके (रटे) पनि हेक्कै नहुने कुनै कुरा ती विष्णगुप्त सुनेर मात्र कण्ठस्थ (मुखाग्र) गर्दथे प्रत्येकका मुखबाट विष्णुगुप्तको प्रशंसा सुनिन थाल्यो ।

थोरै समयमा नै जिज्ञासु विष्णुगुप्तले गुरुका खुट्टा दबाउँदै तक्षशिला विश्वविद्यालयमा अध्ययन गर्ने आफ्नो इच्छा प्रकट गरे । यो कुरा सुन्दा पण्डित राधामोहन गद्गद् भए । उनले विष्णुगुप्तलाई अँगालो हालेर आँखाभरि आँसु पार्दै भने- 'बाबु ! तिमीले मेरो मनको बोली बोल्यौ, मेरो आफ्नो ठूलो इच्छा थियो कि यो विद्यालयको कुनै विद्यार्थी तक्षशिला गएर ज्ञान आर्जन गरोस् र यो विद्यालयको नाउँ उच्च पारोस् र मलाई तिम्रो प्रतिभामाथि, तिम्रो विलक्षण बुद्धिप्रति पूरा विश्वास छ, तिमी एक दिन यो विद्यालयलाई पनि महाविद्यालयको स्तर प्रदान गर्न सक्नेछौ । तिमी तक्षशिला विश्वविद्यालयमा हजारौं विद्यार्थी बीचमा स्वाती नक्षत्रझैं चम्कनेछौ । मेरो आशीर्वाद सधैं नै तिम्रो साथ छ । क्रमशः

# सुशासनमा सघाउँदै पत्रकारिता



▶▶ विपुल पोखेल

मिडियाको निर्भिकतापूर्ण उपस्थिति र अनुसन्धानमा आधारित सामग्रीले सरकारले काम गर्न मार्ग पहिल्याउन सक्दो रहेछ भन्ने तथ्य पुनःस्थापित भएको छ । त्यस्ता घटनाहरूलाई लुकाउन खोजे सरकार बद्नाम भएर रसातलमा पुग्नेछ भने सत्यको अनुसन्धान सही ढंगले गरेर त्यसलाई निष्कर्षमा पुऱ्याउने हो भने सरकारको हाइहाइ बढ्ने हो । अब कुन बाटोमा जाने भन्ने विषयमा सरकार आफैं गम्भीर बन्न आवश्यक छ ।

निकै सकसपूर्ण तरिकाबाट वर्तमान सरकार गठन भएको थियो । चुनावमा एउटा गठबन्धन थियो, चुनावलगत्तैको सरकार निर्माणका क्रममा फेरि अर्को गठबन्धन बनिदियो । त्यो गठबन्धन पनि निरन्तर रहन सकेन । राष्ट्रपतिको निर्वाचनसम्म आइपुग्दा फेरि चुनाव अगाडिको गठबन्धन ब्युँझियो । छोटो समयमा सत्ता समीकरणका खेल तीव्ररूपमा खेलिइरहँदा सरकारले आफूलाई कसरी जोगाउने भन्ने भन्दाबाहेक केही पनि सोच्न सकेको स्थिति थिएन ।

उपचुनावको मतपरिणामको व्याख्या गर्ने क्रममा प्रायः सबैको एउटै धारणा पाइयो कि यो मतपरिणामले नागरिकको सुशासनको उत्कृष्ट चाहनालाई उजागर गरिदिएको छ । यो निष्कर्षमा विमति राख्ने ठाउँ पनि थिएन । नयाँ दलका रूपमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले पाएको मतलाई पुराना दलसँगको निरासाको मत भनेर पनि परिभाषित गरियो भने नयाँ दलसँगको आशाको मत भनेर पनि परिभाषित गरियो । परिभाषित जसरी गरिएको भएता पनि रास्वपाले चुनावमा सुशासनको कुरा चर्कोरूपमा उठाएको थियो र त्यसबाट मतदाताको ध्यान खिच्न सकेको मान्न सकिन्छ । वर्तमान सरकार गठनसँगै सुशासनको मुद्दालाई प्रमुखताका साथ उठायो । तर, त्यसको प्रारम्भ कहाँबाट र कसरी गर्ने भन्ने अन्योलतामा सरकार हराई पनि रहयो ।

निर्माणाधीन आयोजनाको मन्त्री प्रधानमन्त्रीबाट निरीक्षण, काठमाडौंका सडकका खाल्डाखुल्डी पुर्न निर्देशन, यातायात कार्यालयमा अनलाइन सेवाको प्रतिबद्धतामा सरकार दौडदै थियो । सुशासनप्रतिको आफ्नो प्रतिबद्धतालाई व्यावहारिक रूप दिनका लागि थिए र चल्दै छन् पनि यस्ता गतिविधिहरू । तर, भ्रष्ट प्रवृत्तिलाई नै तरंगित हुनेगरी अनि नागरिकहरूमा पनि आशाको सञ्चार हुनेगरी सुशासन लक्षित कुन काम गर्ने भन्ने निष्कर्षमा नपुगेको सरकारलाई अहिले मिडियाले एउटा बाटो देखाइदिएको छ र त्यस आधारमा आफ्नो कामको प्राथमिकीकरण गर्नका लागि प्रेरित गरेको छ ।

पत्रकारिता क्षेत्रलाई राज्यको चौथो अंग भनिन्छ । सन् १८२१ मा जर्मन सांसद एडमन बुर्कले मिडियालाई राज्यको चौथो अंग भनेर सम्बोधन गरेका थिए । उनको त्यो सम्बोधनपछि पत्रकारिताको महत्त्वमाथि चर्चा सुरु भयो र यसलाई चौथो अंगका रूपमा सम्बोधन गर्न सकिने तर्कमा सबै सहमत हुँदै आए ।

खासगरी सरकारले के गरिरहेको छ भन्ने सन्देश जनतालाई दिने तागत मिडियाले राख्छ । भ्रष्टाचारमाथि प्रकाश पार्दै जनता तथा सरकारलाई त्यसबारेमा सचेत बनाउँछ र गलत हुँदै गरेका गतिविधिका बारेमा पनि जानकारी गराउँछ । यी तीनवटा महत्त्वपूर्ण कार्य गर्नसक्ने भएकाले नै पत्रकारिताको चौथो अंगका रूपमा स्वीकार्यता बढ्दै गएको हो । आज पनि राज्यको चौथो अंगका रूपमा मिडियाको चर्चा परिचर्चा गरिन्छ । यसरी चर्चा गरिएझैं मिडियाले काम गर्दै जाँदा त्यसबाट लाभान्वित हुने भनेको राज्य नै हो । अर्थात् नागरिकहरूले अपेक्षा गरेको जस्तो समाज वा परिवेश निर्माण हुने हो ।

यहाँ चर्चा गर्न खोजिएका सन्दर्भ पनि आफ्नो प्राथमिकतामा अलमलमा परिरहेको सरकारलाई मिडियाले आफ्नो दायित्व निर्वाह गर्दै जाँदा त्यो अलमल हट्छ भन्ने नै हो । सुशासनका सन्दर्भमा कहाँबाट काम थाल्ने भन्ने अन्योलमा रहेको सरकारलाई नेपाली मिडियाले त्यो अन्योलता हट्नेगरी प्रेरित गरिदिएको छ । यसबीचमा नक्कली भुटानी शरणार्थी प्रकरणलाई मिडियाले उजागर गरिदिएको छ । योसँगै मिलोमतोमा प्रक्रिया नै नपुऱ्याइ ठेक्का दिनका लागि कार्यविधि निर्माण गरेको खुलासा पनि भर्खरै भएको छ ।

मिडियाले निर्भिकताका साथ आफूलाई प्रस्तुत गर्दा सरकारलाई आफ्ना एजेण्डाको प्राथमिकीकरणमा सघाउ पुग्छ भन्ने दृष्टान्त यी सन्दर्भ हुन् । मन्त्री, सचिव भइसकेकाहरूलाई नै कारबाहीको दायरामा ल्याएर सुशासनका क्षेत्रमा काम गर्न थालेको आभास दिन सरकारले अवसर पाएको छ ।

मिडियाको निर्भिकतापूर्ण उपस्थिति र अनुसन्धानमा आधारित सामग्रीले सरकारले काम गर्न मार्ग पहिल्याउन सक्दो रहेछ भन्ने तथ्य पुनःस्थापित भएको छ । त्यस्ता घटनाहरूलाई लुकाउन खोजे सरकार बद्नाम भएर रसातलमा पुग्नेछ भने सत्यको अनुसन्धान सही ढंगले गरेर त्यसलाई निष्कर्षमा पुऱ्याउने हो भने सरकारको हाइहाइ बढ्ने हो । अब कुन बाटोमा जाने भन्ने विषयमा सरकार आफैं गम्भीर बन्न आवश्यक छ । जुन ढंगले काम गर्ने आकांक्षा राखिएको थियो, आमअपेक्षा पनि थियो, अब त्यो बाटोमा हिँड्नका लागि सिंगो जनमतले नै साथ दिने परिवेश मिडियाले बनाइदिएको छ ।

मिडिया सबल भयो भने त्यसको प्रभावले नयाँ तरंग ल्याउन सक्छ । अमेरिकी पत्रकारको अनुसन्धानले राष्ट्रपति रिचर्ड निक्सनको राजीनामा निम्त्यायो, वाटरगेट काण्डले त्यो घटना परिचित छ । पत्रकारिताले आफ्नो सामर्थ्यको पहिचान गरी सुशासनका पक्षमा खेलेका तमाम भूमिकाको स्मरण गर्दै अब नेपालमा पनि सुशासनका लागि पत्रकारिताको अभ्यास प्रारम्भ भएको कालखण्डका रूपमा यो समयलाई स्मरण गर्ने गरी अगाडि बढ्न सकिन्छ । निरन्तर फलोअप सामग्रीमार्फत निष्पक्ष छानबिनका लागि सरकारलाई सहज बनाइदिँदा नागरिकको अपेक्षा पूरा गर्ने सन्दर्भ पनि जोडिएर आउँछ ।

अहिले जुन ढंगले भ्रष्टाचारका विपक्षमा मिडियामा विषयवस्तु आइरहेका छन्, त्यसले नागरिकको ध्यानाकर्षण पनि भइरहेको छ । इन्टरनेट प्लेटफर्म सबैलाई पत्रकारिता हो कि झैं मानिँदै गरिएको बेलामा पत्रकारिता अलग हो भन्ने बुझ्न बुझाउन पनि यस्ताखाले अनुसन्धानमा आधारित र जनचासोका विषयलाई मिडियाले प्रवाह गर्नुपर्ने हुन्छ । मिडियाको विश्वसनीयतालाई अभिवृद्धि गर्नका लागि पनि अनुसन्धानमा आधारित सामग्रीको अत्यधिक प्रवाह आवश्यक पर्दछ ।

एक जना विद्वानले भनेका छन्- जुन कुरा देखाउन खोजिन्छ, त्यो विज्ञापन हो, जुन कुरा दबाएर राख्ने प्रयास हुन्छ, त्यो समाचार हो । यो तर्कलाई स्वीकार गर्दै अगाडि बढ्ने हो भने पत्रकारिताले दबाउने इच्छाका साथ राखिएका विषयहरूको गर्तमा गएर खोजेर ल्याउने साहस गर्दछ । यो तर्कले पत्रकारलाई त्यसैगरी अभिप्रेरित पनि गर्दछ । अमेरिकाको वाटरगेट काण्डको अनुसन्धान गर्ने पत्रकारद्वय बब वुडवार्ड र कार्ल बर्नस्टिनको भूमिकाले त्यहाँको आपराधिक र भ्रष्टाचारको काण्ड जुन ढंगले बाहिरियो, त्यसले संसारभर तरंग ल्याइदियो । आज संसारभर अनुसन्धानात्मक रिपोर्टिङको चर्चा गर्दा वाटरगेट काण्ड अनि त्यसको अनुसन्धान गर्ने पत्रकारद्वय बब वुडवार्ड र कार्ल बर्नस्टिनको नाम आइहाल्छ । हाम्रो अभ्यास र पत्रकारिताप्रतिको समर्पण भावले नेपालमा पनि बब बुडवार्ड र कार्ल बर्नस्टिनजस्ता पत्रकारहरूको जन्म नहोला भन्न सकिँदैन ।

पत्रकारितामाथि प्रश्न उठाइँदै गर्दा, पत्रकारिताको विश्वसनीयतामाथि शंका गरिँदै गर्दा फेरि पनि सही सूचना दिने माध्यम पत्रकारिता नै हो । नागरिकको चाहना बुझेर त्यसका लागि विभिन्न चुनौतीको सामना गर्दै अनुसन्धान गरेर निरन्तर सूचना प्रवाह गर्ने भनेको पत्रकारितामात्रै हो । पत्रकारिताको अभावमा नागरिकले सूचना पाउने प्रणाली नै खत्तम हुनपुग्छ र एउटा अकल्पनीय अन्धकारमा समाज धकेलिन्छ ।

अमेरिकाका तत्कालीन राष्ट्रपति थोमस जेफर्सनले भनेका छन् कि, यदि मलाई सरकार र पत्रकारितामध्ये एक रोज्नपऱ्यो भने मैले एक मिनेट पनि नसोचेर पत्रकारिता रोज्नेछु । जेफर्सनको यो रोजाइले समाजमा पत्रकारिताको अनिवार्य आवश्यकतालाई दर्शाउँछ । विभिन्न कालखण्ड र सन्दर्भमा पत्रकारितामाथि प्रश्न उठाइन्छ पनि, लाञ्छना नै लगाइन्छ पनि । आक्रमणको प्रयास पनि हुने गर्दछन् । तर, पत्रकारिता त्यसबाट रत्तिभर विचलित हुनु हुँदैन । त्यस्ता प्रतिक्रियालाई अझ राम्रो गर्ने प्रेरणाका रूपमा लिँदै आफ्नो दायित्व निर्वाहको पथमा हिँडिराख्नु नै पत्रकारिताको धर्म हो ।

गल्तीलाई ग्रहण गर्ने र सच्चिन तत्परता देखाउने चरित्र हो, पत्रकारिताको । आलोचना र लाञ्छनाले पत्रकारिता कमजोर हुँदैन, बरु थप सशक्त हुन प्रेरित गर्दछ । नेपालको सुशासनका सन्दर्भमा नेपाली पत्रकारिता क्षेत्रले प्रारम्भ गरेको अध्यायलाई एउटा यस्तै प्रेरणाको प्रवाहका रूपमा लिन सकिन्छ । पत्रकारलाई सूचना दिनका लागि र तथ्य दिनका लागि नागरिक पनि जागरुक भइदिने हो भने अझ सहज हुनेछ र असल नागरिकको कर्तव्य निर्वाह गरेको मानिने छ भन्ने बुझाइ आमनागरिकमा हुन सक्यो भने अझ राम्रो परिणामतर्फ अग्रसर हुनेछौं । *रासस*

*(लेखक नेपाल पत्रकार महासंघका केन्द्रीय अध्यक्ष हुन्)*

## पत्र–मञ्जुषा

# उद्योगी व्यवसायीको बद्‌मासीले अर्थतन्त्रमा भार

व्यापारीलाई आफ्नो मुलुकको माया हुँदैन । उसलाई आफ्नो नागरिकताको महत्त्व पनि थाहा हुँदैन । जसरी हुन्छ व्यापारीलाई पैसा कमाउनुपरेको छ । चाहे त्यो ठगेर हुन्छ या लुटेर । 'दलाली'हरूलाई राष्ट्रियता भनेको के थाहा ? व्यापारीहरू पैसा कमाउनका लागि केसम्म गर्न सक्छन् भन्ने उदाहरण त उद्योग वाणिज्य महासंघका नवनिर्वाचित अध्यक्ष चन्द्र ढकालको अभिव्यक्तिबाट स्पष्ट हुन्छ । उनले केही दिनअघि प्रधानमन्त्री पुष्पकमल दाहाल, अर्थमन्त्री डा. प्रकाशशरण महत र राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीलाई एउटा सुझाव दिएका थिए ।

उनले मुलुकको अर्थतन्त्रलाई सही 'ट्र्याक'मा ल्याउन नदीजन्य पदार्थ उत्खनन गरेर भारतलाई बेच्न सुझाएका छन् । गिट्टी, बालुवा, ढुंगालगायतका पदार्थ भारत निकासी गरेको खण्डमा व्यापार घाटा कम हुने उनको भनाइ छ । हिजो जुन व्यापारीले सार्वजनिक, सरकारी र गुठीको जग्गा बेचेर व्यक्तिगत सम्पत्ति जोड्नुसम्म जोडे । खेतीयोग्य जमिनलाई प्लानिङ गरेर नेपाललाई परनिर्भरमुखी बनाइदिए । व्यापार घाटा बढेको त यी 'दलाली'हरूकै कारणले हो ।

खेतीयोग्य जमिन र सरकारी जग्गा त सिध्याइहाले । अब अलिअलि बचेको नदीनाला र वनजंगल पनि भारतलाई बेच्ने कुरा गरिरहेका छन् । यहाँ पनि चन्द्र ढकालले आफ्नै फाइदा हेरेका छन् । नदीजन्य पदार्थ भारतलाई बेचेर अर्थतन्त्र होइन, यिनले आफ्नो व्यक्तिगत सम्पत्ति उकास्ने योजना बनाएका छन् । विनोद चौधरी, शेखर गोल्छालगायतका उद्योग व्यवसायीले मुलुक भ्रष्टाचारमा फसेको भनेर गोहीको आँशु झार्दै आएका छन् । नेतालाई भ्रष्टाचार गर्न सिकाउन को ?

घूस दिन यिनीहरू होइनन् ? नेताहरूले त कुर्सीमा बसेर 'मलाई घूस ल्याऊ' त भनेनन्, होलान् ? आफ्नो काम पूरा गर्नका लागि यिनीहरूले घूस खुवाएका होइनन् ? एक सयको सामानमा चार सय थपेर बेच्ने उद्योग व्यवसायीहरू अहिले नेताहरूमाथि हिलो छ्यापेर आफू पन्छिन् खोजिरहेका छन् । पहिले आफूले के गरेको छु भन्ने हेर्नुपऱ्यो नि । राज्यलाई कर छल्नसम्म छलेका छन्, यिनीहरूले । कुनै पनि व्यवसायी कानुनअनुसार चलेका छैनन् । उनीहरूले जनतालाई त ठगे तर राज्यलाई समेत छोडेनन् ।

अहिले देश कति न मुलुकको माया लाग्नेजस्तै गरी झूठा भाषण गर्दै आएका छन् । नेपालमा जति पनि बैंक तथा वित्तीय संस्था छन्, ती सबै 'दलाल'हरूको नियन्त्रणमा छ । यहाँको पैसा लगेर विदेशी बैंकमा राखेका छन् भन्ने त सबैलाई थाहा छ । उद्योग व्यवसायी भनेका छन् तर यिनीहरूले नेपाललाई कुन वस्तुमाचाहिँ आत्मनिर्भर बनाएका छन् ? हरेक सामान भारतलगायत तेस्रो मुलुकबाट आयात हुन्छ ।

नाम मात्रका उद्योग व्यवसायी अझै सरकारलाई व्यापार घाटा कम गर्न सिकाउने ? राज्यलाई कर तिरिदिएको भए, कानुनअनुसार चलिदिएको भए र व्यवसायको नाममा खेतीयोग्य जग्गा प्लानिङ नगरिदिएको भए आज देश यस्तो बेथिति र गरिबीको दलदलमा फस्दैनथ्यो । उद्योगीहरू नेतालाई गाली गरिरहेका हुन्छन् । नेताहरूले देश डुबाए भनेर यिनीहरूलाई धेरै नै पिर परेको छ । तर, वास्तविकरूपमै भन्ने हो भने देश डुबाउने त यिनीहरू हुन् ।

सरकारले खोलेका उद्योगहरू बन्द गराए । हाउजिङ बनाउने भन्दै माटोलाई कंक्रिटमा परिणत गरिदिए । किसानलाई आनाको पाँच हजार रूपैयाँ दिएर खेतीयोग्य जमिन किने । त्यो जमिनमा डोजर लगाएर, टुक्राटुक्रा पारेर र प्लानिङ गरेर आनाकै ८० लाख रूपैयाँसम्म बेचे । खाद्यान्न निर्यात गर्ने मुलुकलाई आयात गर्ने बनाइदिए । अनि यस्ताले देशको गुनगान गाउन सुहाउँछ ? बजार महँगी ह्वात्तै बढेको छ, कारण के ? यिनीहरूको कारण आज जनता भोकभोकै मर्नुपर्ने भएको छ ।

१६ सय रूपैयाँ बोराको चामल एक महिनामै ३१ सय रूपैयाँ पुगिसकेको छ । तीन सय रूपैयाँमा पाउने पिठो सात सय रूपैयाँ पुगिसक्यो । अब जनताले किनेर खान सक्छन् ? दलालहरूले देश डुबाएर भए पनि आफूले कमाइहाले । देशैभरका ८५ प्रतिशत उब्जनी हुने जग्गा घर र बाटो बनाएर सकिसकेको छ । बाँकी भएको थोरै जग्गामा नजर गाडेर बसेका यिनीहरूले प्रधानमन्त्रीलाई उचाले । जग्गा खण्डीकरण गर्नुपर्छ, त्यहाँबाट राजस्व आउँछ भन्दै दलालीहरूले सरकारलाई कित्ताकाट खोल्न बाध्य बनाए ।

अन्य मुलुकले उत्पादन गरेको सामान ल्याएर नेपालमा बेच्ने यिनीहरू मुलुकमा संकट आउनेबित्तिकै कुलेलाम ठोक्छन् । उत्पादन गर्नलाई आवश्यक पर्ने कच्चापदार्थ कहाँबाट आउँछ भन्ने त थाहा नभएकालाई कसले उद्योग व्यवसायी भन्छ ?

कानुन बनाउने तीन करोड जनताका प्रतिनिधि सदनमा पुगेका छन् । त्यसैले उद्योग व्यवसायीको दबाबमा आएर सांसदहरू आफ्नो जिम्मेवारीबाट पछि हट्न पाउँदैन । सांसदको काम कानुन बनाउने हो, व्यवसायीले त्यसमा रोकतोक गर्न पाउँदैनन् । सांसदहरूले नसक्ने हो भने व्यवसायीलाई नै संसद् चलाउन दिए हुन्छ ।

*अनुसा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# ‘प्रदेश संरचना नरहे संघीयता नै रहँदैन’

**विदुर (प्रस)–** बागमती प्रदेशका मुख्यमन्त्री सालिकराम जमकट्टेलले प्रदेशको व्यवस्था नरहने हो भने संघीयता नै नरहने बताएका छन् । बिहीबार विदुरमा प्रेस सेन्टर नुवाकोटले आयोजना गरेको पत्रकार सम्मेलनमा मुख्यमन्त्री जमकट्टेलले संघीयतामा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको अन्योन्याश्रित सम्बन्ध रहेको बताए ।

‘पछिल्लो समय प्रदेश खारेजीको आवाज उठ्न थालेको छ । यसको आफ्नै महत्त्व रहेको छ । प्रदेश खारेज हुनका लागि अर्कै व्यवस्था आउनपर्छ । अहिलेको अवस्थामा प्रदेश नरहने हो भने संघीयता पनि रहदैन’ मुख्यमन्त्री जमकट्टेलले भने, ‘संघीय र स्थानीय सरकारले जोड्ने सरकार प्रदेश सरकार हो । हामी प्रदेश सरकारले संघीयता पक्षमा, प्रदेश तहको पक्षमा बोल्नुपर्ने बेला आएको छ । कतिपय कमजोरीलाई सुधार गर्दै प्रदेश तहलाई बलियो बनाउनुपर्छ ।’

मुख्यमन्त्री जमकट्टेलले संघीयतामा प्रदेश सरकारको भूमिका महत्त्वपूर्ण हुने बताए । उनले प्रदेश सरकारले शिक्षा, स्वास्थ्य, खेलकुद, सडक पूर्वाधारलगायत विभिन्न क्षेत्रका महत्त्वपूर्ण योजना सञ्चालन गरिरहेको बताए । माओवादी नेतासमेत रहेका मुख्यमन्त्री जमकट्टेलले बजेट निर्माणको पूर्वसन्ध्यामा टुक्रे योजनामा प्रदेश तहबाट लगानी नगरिने पनि स्पष्ट पार्नुभयो । ‘अब विकासको मोडेल नै परिवर्तन गर्नुपर्छ । प्रदेश सरकारले सानातिना टुक्रे योजना नगर्ने । साना योजना स्थानीय तहहरूलाई जिम्मा दिने र प्रदेशमा ठूलो योजना मात्र सञ्चालने गर्ने छौं’ मुख्यमन्त्री जममकट्टेलले भने ।




उनले कृषि उत्पादत्व वृद्धिको लागि प्रदेश सरकारले लागि परेको र आगामी आर्थिक वर्षदेखि व्यक्तिलाई कृषि अनुदान दिन बन्द गरिने बताए । ‘कृषिमा व्यक्ति केन्द्रित र पहुँच केन्द्रित अनुदान वितरण हुँदै आएको छ । अब व्यक्ति केन्द्रित कृषि फर्ममा अनुदान बन्द गर्दै छौं’ मुख्यमन्त्री जम्कट्टेलले भने, ‘अब समुदायमा आधारित धेरैभन्दा धेरै किसानलाई समेट्नेगरी लगानी गर्ने योजनामा लागेका छौं । आगामी आर्थिक वर्षबाट नै यो मोडालिटी सुरु हुनेछ ।’

अर्को एक प्रश्नमा मुख्यमन्त्री जमकट्टेलले एक हप्ताभित्र प्रदेश सरकारले पूर्णता पाउने बताएका छन् । ‘केन्द्रीय नेतृत्व तहबाट केही निर्णय गर्नुपर्नेमा सो नभएकोले सरकार विस्तार रोकिएको हो । केन्द्रीय नेतृत्वबाट निर्णय भइसकेको छ । अब एक हप्ताका सरकारले पूर्णता पाउनेछ,’ मुख्यमन्त्री जमकट्टेलले भने ।

# नयाँ योजना सम्झौता रोक्दै स्थानीय तह

**त्रिवेणी–** जिल्लामा रहेका स्थानीय तहले चालु आर्थिक वर्षका योजना कटौती गर्न थालेका छन् । नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरका स्थानीय तहले चालु आवमा सञ्चालन हुन बाँकी रहेका योजना कटौती गरी कार्यान्वयनमा रोक लगाउन थालेका हुन् ।

संघीय सरकारबाट हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानको अन्तिम किस्तामा ५० प्रतिशत कटौती हुनु, प्रदेश तथा संघबाट प्राप्त हुनुपर्ने राजस्व बाँडफाँटमा तोकिएअनुसार रकम प्राप्त नहुँदा थप नयाँ योजना सम्झौता रोक्नुपर्ने अवस्था आएको कावासोती नगरपालिका प्रमुख प्रशासकीय अधिकृत भूपेन्द्र पाण्डेयले बताए ।

नगरपालिकाको लक्ष्यअनुसारको आन्तरिक आम्दानी उठ्ने सम्भावनासमेत नदेखिएकाले चालु आर्थिक वर्षमा तय गरिएका र कार्यान्वयनमा नगएका थप योजना सञ्चालन गर्नसक्ने अवस्था नभएको उनको भनाइ छ । ‘केन्द्रबाट आउनुपर्ने रकम पनि कटौती भएको छ, आन्तरिक स्रोततर्फ लक्ष्यअनुसार राजस्व उठ्नसक्ने अवस्था देखिएको छैन, यसैले चालु आवका बाँकी योजना कटौती गर्नुपर्ने अवस्था सिर्जना भएको छ,’ प्रमुख प्रशासकीय अधिकृत पाण्डेयले भने ।

कावासोतीले चालु आर्थिक वर्षमा करिब १४ करोड रूपैयाँ आन्तरिक आम्दानीको लक्ष्य राखेकामा हालसम्म करिब पाँच करोड रूपैयाँमात्रै आम्दानी भएको छ । यसले गर्दा आन्तरिक स्रोतबाट तय गरिएका करिब नौ करोड रूपैयाँ बराबरका योजना सञ्चालन हुनसक्ने अवस्था छैन । कावासोतीले नयाँ योजना सञ्चालन गर्नसक्ने अवस्था नभएपछि थप योजना तथा कार्यक्रम सम्झौता नहुने भनेर सूचना प्रकाशन गरेको छ ।

जिल्लाकै मध्यविन्दु नगरपालिकालेसमेत चालु आवमा आन्तरिक आम्दानी लक्ष्यअनुसार नभएको र संघ र प्रदेशबाट आउनुपर्ने रकम घटेका कारण यही वैशाख २१ गते नै सूचना प्रकाशन गरी अर्को निर्णय नहुने समयसम्म नयाँ योजना सम्झौता र कार्यक्रम सम्झौता नहुने जनाएको छ ।

विनयी त्रिवेणी गाउँपालिकालेसमेत चालु आवमा सञ्चालन हुन बाँकी रहेका योजना कार्यान्वयनमा रोक लगाएको छ । नयाँ थप योजना सम्झौता नगर्ने भनी पालिकाले सूचना प्रकाशन गरको छ । जिल्लामा रहेका आठवटा पालिकामध्ये सबैजसो पालिकाले चालु आवमा तय गरेका धेरै योजना कटौती गरेका छन् । वित्तीय समानीकरण अनुदानको अन्तिम किस्तामा ५० प्रतिशत कटौती हुँदा पालिकाका योजना सञ्चालनमा कठिनाइ भएको विनयी त्रिवेणी गाउँपालिका अध्यक्ष घनश्याम गिरीले बताए । आन्तरिक आम्दानीसमेत घट्दा समस्या भएको उनको भनाइ छ ।

जग्गा कित्ताकाट रोकिनु, नदीजन्य पदार्थको खोला ठेक्का नलाग्नुलगायतले पालिकाको स्रोत घटेको हुँदा समस्या उत्पन्न भएको कावासोती नगरपालिका नगर प्रमुख विष्णुप्रसाद भुसालले बताए ।

नवलपुरका धेरैजसो पालिकाको आन्तरिक आम्दानीको स्रोतमा नदीजन्य पदार्थ निकासी पर्ने गरेको थियो । तर, चालु आवमा यहाँ रहेका खोलामा पूर्णरूपमा ठेक्का लाग्न सकेको छैन । यसले पालिकाले प्रक्षेपण गरेको आन्तरिक आम्दानी लक्ष्यअनुसार संकलन हुनसक्ने अवस्था छैन । यसकारण चालु आवका योजना प्रभावित बनेका छन् । *रासस*

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८०/०१/२९

यस कम्पनीको मिति २०८०/०१/१४ मा सम्पन्न बार्षिक/बिशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **गुरमेट बेकरी एण्ड क्याफे प्रा.लि. (प्रा.लि. नं. २८१३८४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०१/२५ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **भियना पब प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०५६/०८/०२ मा दर्ता भएको **प्रा.लि. नं. ११४७५** को **ग्रिनल्याण्ड टि इडस्ट्रिज प्रा. लि.** को मिति २०८०/०१/१६ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटर: निलकण्ठ पोखरेल, इजाजतपत्र नं. ५१२**

**ठेगाना : त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१००६०४६**


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : JC FOOD MANUFACTURING (M) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०७/१९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२८ | LT. No. 274910 | चलानी नं. ६०१९०५७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 3 | 0 | 1500 | ४४,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ५ गते (19th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/– कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/–

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

MINAWA RECRUITMENT H.R. PVT LTD
Govt.Lic.No- 1168/073/074
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | Mobile: +977-9851002539, E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GEC ENTERPRISE शहर : Kepong

पूर्व स्वीकृति मिति : २०२३/०५/११ | LT. No. 285833 | चलानी नं. ६०२०१२६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crew Restaurant | 10 | 0 | 1500 | ४४,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ५ गते (19th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/– कामदार आफैंले सेवा शुल्क: नि: शुल्क/–

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.(EVEREST GLOBAL RECRUITMENT SERVICE PVT LTD)
श्रम ईजाजत नं. १२७५/०७४/७५
Sallaghari Marg, Bansbari, Kathmandu
Tel:-+977 4372262, 4375012, Email:-skypower.rec@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CHIT HUI TRADING

पूर्व स्वीकृति मिति : २०८०/०१/२८ | LT. No. 285872 | चलानी नं. ६०२०१२७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agricultural Worker | 4 | 0 | 1500 | ४४,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ५ गते (19th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/– कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/–

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

SWIFT H.R. SOLUTION PVT. LTD.
श्रम ईजाजत नं. ११९७/०७३/०७४
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com


## मोटरसाइकल हराएको सूचना

मिति २०७८/११/३० गते निम्न विवरणको Pulsar 220 Model को रातो, कालो रङको मोटरसाइकल मूलपानी सृजनाटोल घर अगाडि पार्किङ गरिराखेको अवस्थामा हराएको हुँदा देख्नुहुने महानुभावले तुरुन्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

धनीको नाम : धर्म भक्त लामा
बाइक नं.: बा.प्र -०२-०३५ प ४१२६
च्यासिस नं.: MD2A13EX6MCJ80172
इन्जिन नं. : DKXCMJ34193
ठेगाना: मूलपानी, सृजना टोल
मो. : 9851244026


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHUBRA CENTER FOR READY MADE GARMENTS CO. LTD

पूर्व स्वीकृति मिति : २०८०/०१/२८ | LT. No.285851 | चलानी नं. : ६०२०१२६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing the shelves worker | 3 | 0 | 1000 | ३५,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ५ गते (19th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/– कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/–

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Broadway Overseas Employment Service Pvt. Ltd. Govt. License 378/059/060
Gaushala, Pingalasthan, Ktm, Nepal. Tel. : +977 1 4475367/4475368, Fax : +977 1 4475369

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : COUNTERFORCE SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०१/२८ | LT. No. 285887 | चलानी नं. ६०२०१२९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 11 | 0 | 1500 | ४४,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ५ गते (19th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/– कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/–

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Sherpa International Manpower Consultancy Pvt. Ltd. Govt. License 430/060/061
Koteshwor-32 Kathmandu, Nepal, Tel: +97714361975, Fax: +977 1 4364821

## साउदी/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAWAKD CONTRACTING COMPANY

पुर्व स्वीकृति मिति २०७९/१२/०२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२८ | LT. No. 282856 | चलानी नं. ६०१९८२६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Labour | 30 | 0 | 1000 | ३५,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Labour | 3 | 0 | 1000 | ३५,१२० | | | | | | | |

कम्पनी : INDOORS FURNITURE FACTORY WLL

पुर्व स्वीकृति मिति: २०८०/०१/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२८ | LT. No. 285133 | चलानी नं. ६०२००५०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dec Wood Worker | 1 | 0 | 1300 | ४६,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Painter | 2 | 0 | 1300 | ४६,९५५ | | | | | | | |
| 3 | Labourer | 3 | 0 | 1000 | ३५,१२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ५ गते (19th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/– कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Target Consultant Human Resources Pvt. Ltd.
श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com


## टीकापुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

टीकापुर, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्विकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मिति: २०८०/०१/२९

उपरोक्त विषयमा यस कार्यालयको तर्फबाट मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा मिति २०७९/१२/०७ गते र आर्थिक राष्ट्रिय दैनिकमा २०७९/१२/१६ गते प्रथम पटक प्रकाशित भएको र बोलपत्र आह्वान सम्बन्धी ३० दिने सूचना प्रकाशित भए बमोजिम तोकिएको म्याद भित्र अनलाईन ईलेक्ट्रोनीक बिडिङ्ग मार्फत पर्न आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र प्रस्तावहरु न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले र मूल्याकंन समितिबाट स्विकृतिको लागि छनौट गर्न सिफारिस भई आएकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ जानकारी गराईन्छ । साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयाजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई ७ (सात) दिने आशयको सूचना समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**तपशिल :**

| सि.नं. | आयोजनाको विवरण र आयोजना स्थल | बोलपत्रदाता फर्मको नाम र ठेगाना | ठेक्का नं. | कबोल गरेको रकम (१३ प्रतिशत मू.अ.कर बाहेक) रु. |
|---|---|---|---|---|
| १. | Supply and Delivery Of Truck Mounted Garbage/ Refuse Compactor 9 CUM. .at Tikapur Municipality Office, Tikapur, Kailali.. | शाभा ईन्टरप्रेनर्स प्रा.लि., काठमाडौं-०३, पानीपोखरी, काठमाडौं । | TMO/NCB/043/ GOODS /2079/080 | रु.६७,२५,०००।०० |
| २. | Supply and Delivery of NP3 Standard Cement Concrete Hume Pipe., Tikapur Municipality Ward No.1-9, Tikapur, Kailali. | ॐ शान्ति ट्रेड एण्ड सप्लायर्स, नेपालगंज-०८, बांके । | TMO/NCB/48/ GOODS /2079/080 | रु.८,८८,०००।०० |

(प्रमुख प्रशासकीय अधिकृत)

# प्रभाव दैनिक


## रूपशाला

### पलको जेल जीवनको गीत सार्वजनिक

नाबालिग बलात्कारको आरोपमा एक वर्ष जेल जीवन बिताएका अभिनेता पल शाहले उक्त घटना भिडियोमा पनि उतारेका छन् । 'तिमीलाई हेर्ने बानी पर्‍यो' गीतको म्युजिक भिडियोमा उनले उक्त घटना उतारेका हुन् । उनकै अभिनय तथा निर्देशन रहेको भिडियोमा कैदी जीवनदेखि रिहाइसम्मको घटना देखाइएको छ । पल गत फागुन १५ गते जेल जीवनबाट मुक्त भएका थिए । अनु चौधरीको स्वर तथा पुष्प प्रधानको शब्द, संगीत रहेको गीतको एरेन्ज योगेश काजीले गरेका छन् । पल स्वयंको युट्युब च्यानलमा सार्वजनिक गीतमा पलले हथकडी लगाएकोदेखि उनको रिहाइको कामना गर्दै परिवार, साथीभाइ, विभिन्न धार्मिक समुदायका मानिसहरूले गरेको पूजाआजा र प्रार्थनालाई देखाइएको छ ।





# नेपाल-अफ्रिका फिल्म फेस्टिभल असारमा




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल अफ्रिका-फिल्म फेस्टिबल-२०२३ को तयारी अन्तिम चरणमा पुगेको आयोजक पक्षले जनाएको छ । ११औं संस्करणको यो फेस्टिबल यही १ देखि ३ असारसम्म हुने भएको छ । काठमाडौंको जमलस्थित राष्ट्रिय नाचघरमा हुने यो महोत्सब कलेज अफ जर्नालिज्म एन्ड मास कम्युनिकेसन र विलक्षण क्रिएसन प्रालिले आयोजना गर्न लागेको हो ।

महोत्सव अध्यक्ष तथा कलेज अफ जर्नालिज्म एन्ड मास कम्युनिकेसनकी अध्यक्ष डा. मञ्जु मिश्रले महोत्सवबारे,'प्राकृतिक र सांस्कृतिक रूपमा धनी नेपाल र अफ्रिकन मुलुकका धेरै कुरा मिल्दाजुल्दा रहेका जानकारी दिइन्। अफ्रिकालाई अब पश्चिमाहरूको नभएर अफ्रिकन लेन्सबाटै हेर्नुपर्छ भनेर आफूहरूले विगत ११ वर्षदेखि महोत्सव आयोजना गर्दै आएका बताएकी उनले नेपाल र अफ्रिकाको चलचित्र संस्कृतिका लागि आफूहरूले एक दशकअघिबाट नेपालमा नेपाल-अफ्रिका फिल्म फेस्टिबल आयोजना गर्दै आएको बताइन् ।

यो अन्तर्राष्ट्रिय फिल्म महोत्सवका लागि हालसम्म २० भन्दा बढी अफ्रिकी मुलुकका फिल्म प्राप्त भएको पनि उनले बताइन् । नेपालबाट यो महोत्सवमा फिल्म सहभागी हुनको लागि जेठको दोश्रो हप्तासम्म समय तोकिएको पनि उनले जानकारी दिइन् ।

महोत्सवका लागि हाल प्राप्त अन्तर ाष्ट्रिय चलचित्रहरू निर्णायक समूहबाट हेर्ने काम भइरहेको अध्यक्ष डा. मिश्रले बताएकी छिन् । महोत्सवको लागि बढीमा २५ वटा सिनेमा चयन गरिनेछ । नेपाली र अफ्रिकन फिल्म यो महोत्सवमा प्रदर्शन गरिनेछ । अन्तर ाष्ट्रिय प्रतिस्पर्धाअन्तर्गत अफ्रिकन मुलुकका तथा अफ्रिकामाथि बनेको अन्य मुलुकका सिनेमा चयन गरिनेछ । अन्य मुलुकबाट निर्माण गरिएका अफ्रिकन विषयवस्तुमा आधारित फिल्म पनि महोत्सवमा चयन भएका छन्। अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा उत्कृष्ट अन्तर्राष्ट्रिय फिचर फिल्म, सर्ट फिल्म, डक्युमेन्ट्री र निर्देशन विधामा प्रतिस्पर्धा हुनेछ ।

महोत्सव निर्देशक डब्बु क्षत्रीका अनुसार यो महोत्सवमा विगतझैं यसपटक पनि सांस्कृतिक झाँकी, नेपाल र अफ्रिकाको विषयमा अन्तरक्रिया, नेपालमा सर्ट फिल्म किन व्यवसायिक हुन सेकनन् लगायत विभिन्न विषयमा छलफल पनि गरिने महोत्सव निर्देशक क्षत्रीले बताएका छन् ।

नेपाल खण्डअन्तर्गत खुला प्रतिस्पर्धा र विधार्थी सिनेमा प्रतिस्पर्धा गरी दुईवटा विधा रहेको पनि क्षत्रीले बताए । यस्तै नेपाली खण्डअन्तर्गत खुला प्रतिस्पर्धामा उत्कृष्ट चलचित्र, लघु चलचित्र, निर्देशक, अभिनेता, अभिनेत्री, छायाँकार, सम्पादक, लेखकजस्ता विधामा प्रतिस्पर्धा हुनेछ । नेपाली सिनेमामै विधार्थी खण्डअन्तर्गत उत्कृष्ट स्टुडेन्ट सर्ट फिल्म र उत्कृष्ट स्टुडेन्ट डिरेक्टर अवार्डको लागि प्रतिस्पर्धा हुने भएको छ ।

# नेपाल र भारतका नाटचकर्मी एकै ठाउँमा




■ प्रभाव संवाददाता

**लेखनाथ–** नेपाली नाटकलाई समसामयिकतातर्फ परिस्कृत गर्न पोखरामा तीनदिने नेपाली नाटकः प्रथम अन्तर्राष्ट्रिय सेमिनार २०८० सुरु भएको छ । नेपालका ८० र भारतका ४० वरिष्ठ नाट्यकर्मीको सहभागिता रहेको उक्त सेमिनारमा नेपाली नाटकलाई समसामयिकतर्फ ढाल्न तथा विविध पक्षका बारेमा भारतीय नाट्यकर्मीले १० वटा र नेपाली नाट्यकर्मीले आठवटा कार्यपत्र प्रस्तुत गरिने जनाइएको छ । कार्यपत्रमाथि छलफल चलाइने जानकारी आयोजक संस्था नेपाल नाट्य प्रतिष्ठान पोखरा नेपालले दिएको हो ।

समाज र नाटकको बीचमा घनिष्ट सम्बन्ध रहेको छ । नाटककारले समाजका विकृतिअन्तर्गत सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक विद्रुपता, असङ्गत मानवीय सम्बन्ध, बेरोजगारीका कारण सिर्जना गरेको असुरक्षित भविष्य, स्त्री र पुरुषको बीचमा विकसित जटिलतालाई चित्रण गर्ने गरेका छन् ।

नेपाली नाटकलाई विविध पक्षबाट परिस्कृत गर्न प्रा डा रामचन्द्र पोखरेल, प्रा डा सावित्री मल्ल कक्षपति, नवीन पौड्याल (भारत), डा अशोक थापा, डा वीरबहादुर विश्वकर्मा (भारत), ताराप्रासाद पोखरेल, पूर्णकुमार शर्मा (भारत) लगायतले कार्यपत्र प्रस्तुत गर्नुहुने भएको छ । समीक्षकहरू डा कृष्णराज घतानी, डा नेत्र एटम, प्रा डा दयाराम श्रेष्ठलगायत रहने बताइएको छ ।

सेमिनारको उद्घाटन गर्दै पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले रङ्गकर्म, नाट्य लेखन र प्रदर्शनको परस्पर सम्बन्धको प्रतिफल भएको बताए । नाटक पाठ्य र दृश्य दुवै रूप हुने हुँदा पढेर अनुभव गरेको विचारले भन्दा रङ्गमञ्चमा प्रदर्शित रङ्गकर्मको प्रत्यक्ष साक्षात्कारबाट प्राप्त विचार सशक्त हुने आचार्यको भनाइ थियो ।

कला, साहित्य ताथ सांस्कृतिकरूपमा पोखरा असाध्यै धनी भएकाले पोखरालाई नाट्य क्षेत्रबाट पनि चिनाउन जरुरी भएको उनले बताए । नाट्यकर्मी प्रा डा दयाराम श्रेष्ठले समसामयिक नाटकमा गम्भीर कथावस्तु, गतिशील चरित्र, विचारशील निर्देशन र सचेत अभिनेता प्रयोग हुनुपर्नेमा जोड दिए । वरिष्ठ नाट्यकर्मी अशेष मल्ल, वरिष्ठ सर्जक सरुभक्त क्षेष्ठ, गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सूर्य खड्का विखर्ची, पोखरा प्रज्ञा प्रतिष्ठानका कुलपति पद्मराज ढकालर हिसनबहादुर थापामगरलगायतले आफ्ना भनाइ राखेका थिए ।

## रंगशाला

# राखेप र कागेश्वरी मनोहराबीच पूर्वाधार निर्माणका लागि सम्झौता

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय खेलकुद परिषद् (राखेप) र कागेश्वरी मनोहरा नगरपालिकाबीच नगरपालिकालाई खेलकुद नगरी बनाउने अभियानलाई मूर्त रूप दिनका लागि विभिन्न खेलका पूर्वाधार बनाउने सम्झौता भएको छ ।

नगरपालीका र राखेपबीचमा खेलकुदका विविध गतिविधि आपसी सहयोगमा गर्ने तथा विभिन्न प्रशासनिक र प्राविधिक विषयमा सहयोग आदान-प्रदान गर्ने विषयमा पनि द्विपक्षीय सम्झौता भएको छ ।

राखेपका तर्फबाट सदस्य-सचिव टंकलाल घिसिङ र कागेश्वरी मनोहरा नगरपालिकाका तर्फबाट मेयर उपेन्द्र कार्कीले बिहीबार सम्झौता पत्रमा हस्ताक्षर गरे । यसैगरी, कागेश्वरी मनोहरा नगरपालिकाले रग्बी, भलिबल र बक्सिङको पूर्वाधार निर्माणका लागि उक्त खेलका राष्ट्रिय संघसंग जग्गा उपलब्ध गराउने सम्बन्धी सम्झौता पत्रमा पनि हस्ताक्षर भएको छ ।

कागेश्वरी मनोहरा नगरपालिकाका मेयर उपेन्द्र कार्की, नेपाल रग्बी संघका महासचिव गोविन्द घिमिरे, नेपाल भलिबल संघका अध्यक्ष जितेन्द्रबहादुर चन्द र नेपाल बक्सिङ संघका वरिष्ठ उपाध्यक्ष अर्जुनबहादुर केसीले सम्झौता पत्रमा हस्ताक्षर गरे ।



नगरपालिकाले रग्बीका लागि वडा ७ स्थित सोमतीर्थमा १ सय ८ रोपनी १२ आना ३ पैसा ३ दाम जग्गा उपलब्ध गराउने भएको छ । भलिबललाई वडा ६ स्थित तिवारी टोलमा ६३ रोपनी ८ आना जग्गा प्रदान गर्ने छ । बक्सिङका लागि वडा ६ स्थित अधिकारी टोलमा ८६ रोपनी ५ आना १ दाम जग्गा उपलब्ध गराउने सहमती भएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्दै सदस्य-सचिव घिसिङले पूर्वाधार निर्माणका लागि सम्बन्धित संघले आफ्नो अन्तर्राष्ट्रिय महासंघसंग पनि समन्वय गरी श्रोत जुटाउन पहल गर्नु पर्नेमा जोड दिदै पूर्वाधार निर्माण गर्दा बिजुली, पानी, सडक आदिमा पनि ध्यान दिन आवश्यक रहेको बताए । मेयर कार्कीले नगरपालिकाको प्रस्तावलाई सहर्ष स्वीकार गरेकोमा सदस्य-सचिवलाई धन्यवाद दिदै कागेश्वरी मनोहरा नगरपालिकालाई खेलकुद नगरी बनाउने योजना अनुरूप नगरपालिकामा भएका जग्गालाई अधिकतम खेलकुदका लागि प्रयोग गर्ने प्रतिबद्धता जनाए ।

उनले खेलकुदको माध्यमबाट चिनाउन नगरपालिकालाई खेलकुद नगरीका रूपमा विकास गर्ने योजना रहेको बताउदै सम्झौता ऐतिहासिक भएको बताए ।

# उमा कुङ टोली इङल्यान्ड जाने

■ प्रभाव संवाददाता



**काठमाडौं–** उमा (डब्लुयुएमए) युरोपिन च्याम्पियनसिपमा सहभागी हुन १ खेलाडीसहित दुई सदस्यीय नेपाल टोली शुक्रबार इङल्यान्डको ग्लोस्टर प्रस्थान गर्ने भएको छ ।

मे १४ तारिखमा हुने प्रतियोगितामा कमल मगरले विभिन्न ३ स्पर्धामा नेपालको चुनौती प्रस्तुत गर्ने छन् । उनले १८ वर्षमाथि उमेर समूहमा चाइनिज क्रिएटिभ, वेपन्स फर्म र बेयर ह्यान्ड स्पर्धामा प्रतिस्पर्धा गर्ने छन् ।

कमल इङल्यान्डमा भएको उमा विश्व च्याम्पियनसिपमा स्वर्ण, क्रोएसियामा भएको विश्वकपमा स्वर्ण, अस्ट्रियामा भएको विश्वकपमा रजत तथा थाइल्यान्डमा भएको सान्डा बक्सिङमा रजत विजेता हुन् ।

कमलसँगै टिम व्यवस्थापकको भूमिकामा नेपाल उमा कुङफु संघ, कोशी प्रदेशका सदस्य सुरेन राई पनि इङल्यान्ड जाने छन् ।

टोलीलाई सफलताको शुभकामना दिदै नेपाल उमा कुङफु संघका अध्यक्ष सिद्धार्थ लामा, वरिष्ठ उपाध्यक्ष सन्जित राई, उपाध्यक्ष मुन्नी सुवेदी, सचिव रमेश महर्जन, सदस्य अशोक केसी, तार्केश्वर उमा कुङफुका अध्यक्ष शिव कुँवर, उमा कुङफुका अन्तर्राष्ट्रिय पदक विजेता सञ्जयराज पुटुवारले बिहीबार एक कार्यक्रमबीच बिदाइ गरे ।

# प्रधानसेनापति राष्ट्रिय टेनिस प्रतियोगिता सुरु

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानसेनापति राष्ट्रिय टेनिस प्रतियोगिताको दोस्रो संस्करण भएको छ । त्रिभुवन आर्मी अफिसर्स क्लब र दशरथ रङ्गशालाको टेनिस कोर्टमा सुरु भएको उक्त प्रतियोगिताको बलाधिकृतरथी सरोजप्रताप राणाले निर्णायकलाई बल हस्तान्तरण गर्दै शुभारम्भ गरे ।

उद्घाटन खेल काठमाडौं जिल्ला टेनिस एशोसियशनका मनोज श्रेष्ठ र याक एण्ड यति क्लबका आशीष सिग्देलबीच भयो । आगामी जेठ ५ गतेसमम सञ्चालन हुने प्रतियोगिता खुलातर्फ पुरुष र महिला एकल तथा मिक्स युगल विधामा हुनेछ ।

भेट्रानतर्फ ३५ वर्ष, ४५ वर्ष र ५५ वर्षमाथि एकल र युगल तथा ६५ र ७० वर्षमाथि एक विधामा खेल सञ्चालन भइरहेको छ । विभिन्न तेह्र खेल विधामा दुई सय ५५ प्रतिस्पर्धा हुने प्रतियोगितामा १४ टेनिस क्लब र विभागीयसहित एक सय ७७ खेलाडीको सहभागिता छ ।

मुलुकको टेनिस खेलको विकासमा सहयोग पुऱ्याउने हेतुले सेनाले विसं २०७८ देखि यस प्रतियोगिता सञ्चालनमा ल्याइएको हो । सो अवसरमा सैन्यकार्य महानिर्देशक उपरथी बाबुराम श्रेष्ठले सैनिक नागरिकसम्बन्ध विस्तारको कडीकारूपमा रहेको प्रतियोगिता मुलुकको खेलकुदको विकासमा योगदान पुऱ्याउन सकियोस् भन्नका खातिर आयोजना गरिएको बताए ।

सेनाले प्रतियोगितामार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी पहिचान र उत्कृष्ट खेलाडी उत्पादन गर्न सकियोस् भन्ने लक्ष्य राखेको छ । प्रतियोगितामा विजयी हुने क्लबले रनिङ ट्रफी प्राप्त गर्नेछ । प्रतियोगितामा पुरुष र महिला सिङ्गल र समूहगत खुला विधातर्फ प्रथम, द्वितीय र तृतीय हुने टोलीलाई क्रमशः रु ५० हजार, रु २५ हजार र रु १५ हजार प्रदान गरिने छ ।

# अन्तर्राष्ट्रिय मैत्रीपूर्ण तेक्वान्दो दक्षिण कोरियामा हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** इन्टरनेसनल ओपन फ्रेन्डसीप तेक्वान्दो च्याम्पियन्सीप (आईओएफटिसी) को १४ औं संस्करण दक्षिण कोरियाको सोलमा हुने भएको छ । कोरियन मार्सल आर्ट्स तेक्वान्दोको आयोजनामा सोलमा हुने सो प्रतियोगिता सन् २०२४ को अगस्ट महिनामा हुनेछ ।

गत मार्चमा आइओएफटिसीका संस्थापक तथा निर्देशक ग्रान्डमास्टर दिवाकर महर्जन तथा महासचिव केरेन ब्लाकलेजले दक्षिण कोरियाको सोल शहरलाई आयोजनाको जिम्मेवारीस्वरूप जिटु वर्ल्ड र्याकिङ तेक्वान्दो च्याम्पियनसीपका स्वर्ण पदक विजेता राजु क्षेत्रीलाई आइओएफटिसीको झन्डा हस्तान्तरण गरेका थिए ।

एनआरएन दक्षिण कोरियका पूर्व अध्यक्षका साथै अन्तर्राष्ट्रिय खेलाडी तथा रेफ्री क्षेत्री सोलमा हुने १४ औं आइओएफटिसीमा संयोजकको भूमिकामा रहने छन् ।

आइओएफटिसीको प्रमुख कार्यालय अमेरिकाको पोर्टल्यान्डमा रहेको छ । संयोजक क्षेत्रीले १४ औं संस्करणको आयोजना गर्ने जिम्मेवारी सोललाई दिएकोमा आइओएफटिसीलाई धन्यवाद दिँदै खुशी पनि व्यक्त गरे ।

अमेरिकाको पोर्टल्यान्डस्थित आइओएफटिसीले प्रत्येक दुई वर्षमा इन्टरनेसनल ओपन फ्रेन्डसीप तेक्वान्दो च्याम्पियनसीपको आयोजना गर्दै आएको छ । आइओएफटिसीले पालैपालो एक संस्करण अमेरिका र अर्को संस्करण अमेरिका बाहिर गर्दै आएको छ ।

जसअनुसार आइओएफटिसीको आफ्नो प्रमुख कार्यालय रहेको पोर्टल्यान्डमा पाँच संस्करण, नेपालमा चार संस्करण, भारत, बेलायत र हङकङ र अमेरिकाकै मिचिगनमा एक-एक संस्करणको आयोजना भइसकेको छ ।

संयोजक क्षेत्रीले दुई वर्षअघि मिचिगनमा सफलतापूर्वक आइओएफटिसी सम्पन्न भइसकेको र अब दक्षिण कोरियाको सोलमा हुने १४ औं संस्करण अझ भव्य बनाउने लक्ष्य लिएको बताए ।

